का.जि.प्र.का.द.नं. १००/०५२/६०
३० कात्तिक २०८३
सोमबार
16 November 2026
Monday
नेपाल संवत् ११४७
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २८५। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



छठको रौनक

सुनसरीको इनरुवास्थित सुनसरी खोलामा अस्ताउँदो सूर्यको उपासना गर्दै व्रतालु। तस्बिर : नवीन गड्तौला/नेपाल फोटो लाइब्रेरी

उत्तर-दक्षिण सन्तुलन मिलाउँदै रास्वपा



छिमेकीसँगको सम्बन्ध संवाद सुरुबाटै हुनुपर्ने हो। तर सरकारले पहिला दूरी राख्न खोजेजस्तो थियो, अहिले सच्चिएर अघि बढेको देखिन्छ।

■ **डा. दिनेश भट्टराई**
परराष्ट्रविद्

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, २९ कात्तिक

राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपा नेतृत्वको सरकारले गठनको सुरुमै प्रधानमन्त्री र मन्त्रीहरू एक वर्षसम्म विदेश भ्रमणमा नजाने नीति लिएको थियो। तर, प्रधानमन्त्री बालेन्द्र शाहको त्यो अडान सात महिना पनि टिकेन। सुरुमा भारत भ्रमणलाई बेवास्ता गरेका शाह असोज ६ गते संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन अमेरिका पुगे। त्यो उनको पहिलो विदेश भ्रमण थियो।

शाहको दोस्रो विदेश भ्रमण भारतमा हुने भएको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको औपचारिक निमन्त्रणामा शाह मंसिर ६ गते भारत जाँदै छन्। प्रधानमन्त्रीको विदेश भ्रमणसँगै मन्त्री र सांसदहरूको विदेश यात्राको क्रम पनि बढेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले पछिल्लो सात महिनाको झन्डै एकतिहाइ समय विदेशमा बिताएका छन् भने परराष्ट्रमन्त्री शिशिर खनाल पनि महिनामा एक-दुईपटक विदेशका कार्यक्रममा सहभागी हुँदै आएका छन्। पृष्ठ २ मा

सत्तापक्षकै प्रश्न

सरकारी खर्चमा विदेश भ्रमण गर्ने मन्त्री र सांसदहरूको पुरानै परम्परालाई निरन्तरता दिएको भन्दै रास्वपाभित्रै र बाहिरबाट आलोचना हुन थालेको छ। नागरिकबाट उठेको करको रकम विदेश भ्रमणमा खर्च गर्ने प्रवृत्तिको विगतमा व्यापक विरोध हुँदै आएको थियो। परिवर्तनको नारा दिएर आएको रास्वपा र उसले नेतृत्व गरेको सरकारले पनि त्यही प्रवृत्ति दोहोऱ्याएको भन्दै प्रश्न उठेका हुन्।

कोही जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुन टर्की पुगेका छन्। कोही चिनियाँ कम्युनिस्ट पार्टीको निमन्त्रणामा चीन गएका छन्। पृष्ठ २ मा



समावेशिताको उपलब्धि

२ दशकमा २५ हजारलाई निजामतीमा आरक्षण



वर्षभरि आदिवासी जनजाति समुदायको हक अधिकार कार्यान्वयनको अनुगमनका क्रममा सामना गर्दा संवैधानिक, कानुनी, आर्थिक, प्रशासनिकलगायत बाधाअड्चनका विषयमा सरकारले गर्नुपर्ने कामलाई सिफारिसको रूपमा प्रतिवेदनमा समावेश गरिएको छ।

■ **रामबहादुर थापा मगर**
अध्यक्ष, आदिवासी जनजाति आयोग

आरक्षणमा अवसर पाउने समुदाय

महिला	: ८,६००
आदिवासी जनजाति	: ६,७५७
मधेसी	: ५,४९६
दलित	: २,२९०
अपांगता भएका व्यक्ति	: १,१६१
पिछडिएको क्षेत्र	: ९१४
कुल	: २५,२१८

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, २९ कात्तिक

नेपालको निजामती सेवामा समावेशी आरक्षण व्यवस्था लागू भएको करिब दुई दशक पुग्न लागेको छ। राज्यका विभिन्न संरचनामा सबै समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्यसहित सुरु गरिएको यो व्यवस्थाले यसअवधिमा २५ हजारभन्दा बढीलाई सरकारी सेवामा प्रवेश गर्ने अवसर पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

मलेसियामा अवैध आप्रवासीमाथि कडाइ

१० महिनामा २ लाख ४३ हजार स्वदेश फिर्ता, ७० हजार पक्राउ

तिलोचन गौतम/मध्यान्ह
क्वालालम्पुर, २९ कात्तिक

मलेसियामा अवैध रूपमा बसोबास गरिरहेका २ लाख ४३ हजारभन्दा बढी विदेशी नागरिक सन् २०२६ को पहिलो १० महिनामा स्वदेश फर्किएका छन्। मलेसिया सरकारले सञ्चालन गरेको आप्रवासी स्वदेश फिर्ती कार्यक्रममार्फत जनवरीदेखि अक्टोबरसम्म २ लाख ४३ हजार ५०१ जना आफ्नै देश फर्किएका हुन्। मलेसियाको अध्यागमन विभागका अनुसार उक्त अवधिमा स्वदेश फिर्तीका लागि ३ लाख पृष्ठ २ मा

दक्षिण कोरिया कामदारको भिसा नीतिमा लचक

काठमाडौं/मस- विदेशी कामदारको अभाव झेलिरहेको दक्षिण कोरियाले आप्रवासी कामदारलाई भिसा नीतिमा लचकता अपनाएर आकर्षित गर्ने रणनीति लिएको छ।

सुरुमा ई-९ भिसा लिएर कोरियामा काम गर्न जाने विदेशी श्रमिकहरूलाई केही वर्ष काम गरेपछि ई-७-४ वा ई-७-४आर जस्ता भिसा प्राप्त गर्न सहज हुने नीति लिइएको छ। आवश्यक योग्यता पूरा गर्नेहरूले सजिलै उक्त भिसा पाइरहेका छन्। उक्त भिसा पाएपछि उनीहरूले श्रीमती र बालबच्चालाई समेत कोरिया लैजान पाउँछन्। यसले विदेशी श्रमिकहरूलाई कोरियाको रोजगारीमा जोडिइरहन प्रेरणा प्रदान गरेको छ।

दक्षिण कोरियाले जनसंख्या घटिरहेका क्षेत्रमा भिसा परिवर्तन सहज बनाउने क्रमलाई तीव्रता दिएको छ। कोरियामा पृष्ठ २ मा

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको साधारणसभा सम्बन्धी सूचना

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०८३ कात्तिक २० गते बसेको संघ कार्यसमिति बैठकको निर्णयानुसार संघको विधानको दफा १४ को व्यवस्था बमोजिम संघको ३२औं र ३३औं वार्षिक साधारणसभा तपशिलमा उल्लिखित मिति र समयमा बस्ने सम्पूर्ण व्यवसायीज्यूहरूलाई यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

मिति : २०८३ पुस ३ गते
समय : बिहान ११:०० बजे

साधारणसभामा निर्णयार्थ पेस गरिने विषयहरू

१. कार्यसमितिको तर्फबाट प्रस्तुत गर्ने प्रगति विवरण र संघद्वारा भएका कार्यहरू उल्लेख गरिएको प्रतिवेदन पारित गर्ने।
२. आ.व. २०८१/०८२ र २०८२/०८३ को आयव्ययको विवरणसहितको वासलत उपर छलफल गरी पारित गर्ने।
३. आ.व. २०८३/०८४ को आयव्ययको लेखा परीक्षकको नियुक्ति गरी निजलाई दिने पारिश्रमिक तोक्ने।
४. वार्षिक नीति तथा कार्यक्रम तय गर्ने।
५. संघको आचारसंहिता अनुमोदन गर्ने।
६. विविध।

साधारणसभा सम्बन्धी थप जानकारीहरू

साधारणसभामा भाग लिनका लागि एक कम्पनीले १ जना शेयरहोल्डर प्रतिनिधि मनोनयन गरी पठाउनुपर्ने भएकाले संघमा बाँकी रहेको मासिक शुल्क (लेवी) भुक्तान गरी संघमा कम्पनीको लेटरहेडमा लिखित निवेदनसहित प्रतिनिधि पठाई जानकारी गराउनुहुन हार्दिक अनुरोध छ।

नोट : स्थान पुन प्रकाशित गरिनेछ।

हिरा बहादुर डाँगी (हरि)
महासचिव

डिक बहादुर खत्री (कुमार)
अध्यक्ष

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
सिफल-७, काठमाडौं, फोन नं. ०१- ४५५०५६५/४५५४४१८



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

छठमा मधेश ओर्लिए रवि-गगन

मध्यान्ह संवाददाता
काठमाडौं, २९ कार्तिक

छठ पर्व मधेशको मौलिक सांस्कृतिक पहिचान हो । तर, पछिल्लो समय यो पर्व धार्मिक आस्थासँगै राजनीतिक भेटघाट र जनसम्पर्कको अवसर पनि बन्दै गएको छ । यस वर्ष छठ मनाउन मधेश झरेका शीर्ष नेताको उपस्थितिले यसलाई थप चर्चामा ल्याएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने पत्नी निकिता पौडेलसहित जनकपुर पुगे । उनले गंगासागर पोखरीमा आयोजित छठको पूजाअर्चनामा सहभागिता जनाए । प्रतिनिधिसभाका सभामुख डिपी अर्याल छठकै अवसरमा बाराको सिमरा पुगे । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सभापति गगन थापा पनि पत्नी डा. अञ्जना केसी थापासहित सर्लाही पुगे । थापाले छठले नेपाली समाजमा सकारात्मकता फैलाउन प्रेरित गरोस् भन्ने अपेक्षा व्यक्त गरे ।

नेताहरूको यो उपस्थितिलाई धार्मिक सहभागिताका रूपमा मात्र बुझिएको छैन । मधेशको जनमत र राजनीतिक प्रभावलाई आफूतर्फ तान्ने प्रर्यत्नका रूपमा पनि हेरिएको छ । खासगरी गत निर्वाचनमा मधेशको जनमत रास्वपाको पक्षमा उर्लिएको थियो । आउँदो फागुनमा हुने स्थानीय तह निर्वाचनले पनि नेताहरूलाई मधेश डोऱ्याएको बुझ्न कठिन छैन । चाडपर्वका अवसरमा स्थानीय समुदायसँग भेटघाट



गर्नु, उनीहरूको भावना बुझ्नु र आफ्नो उपस्थिति देखाउनु राजनीतिक दृष्टिले पनि अर्थपूर्ण हुन्छ ।

लामिछानेको जनकपुर भ्रमणलाई रास्वपाको मधेश प्रदेशमा देखिएको सांगठनिक समस्यासँग जोडेर हेरिएको छ । पार्टीले अन्य प्रदेशमा अधिवेशन प्रक्रिया अघि बढाए पनि मधेशका आठ जिल्लामध्ये पर्सामा मात्रै जिल्ला अधिवेशन सम्पन्न गरेको थियो । बाँकी जिल्लामा विवादका कारण अधिवेशन प्रक्रिया रोकिएको थियो । त्यसको असर केन्द्रीय महाधिवेशनका प्रतिनिधि छनोटमा समेत परेको थियो ।

यसै समस्याको अध्ययन गर्न रास्वपाले सहमहामन्त्री हरि ढकालको संयोजकत्वमा 'मधेश अडिट' समिति गठन गरेको थियो । समितिले आठै जिल्लामा समान प्रकृतिका समस्या देखिएको निष्कर्षसहित प्रतिवेदन पार्टी नेतृत्वलाई बुझाएको छ । प्रतिवेदनमा विधिवाहिर भएका अधिवेशन प्रक्रिया खारेज गरी सहमतिका आधारमा नयाँ तदर्थ समिति बनाउन सुझाव दिइएको छ ।

संगठनभित्र पुराना र नयाँ सदस्यबीचको द्वन्द्व, पदाधिकारीबीचको असमझदारी, सांसदहरूको संगठनमा चासो र स्थानीय तहमा उम्मेदवार बन्न चाहनेहरूको प्रतिस्पर्धाले समस्या बढाएको बताइन्छ । पार्टीभित्र रवि लामिछाने र प्रधानमन्त्री बालेन शाहनिकट समूहबीच प्रभाव विस्तारको प्रतिस्पर्धा रहेको चर्चा पनि छ ।

तर, यी आन्तरिक असमझदारीको आधिकारिक निष्कर्ष भने पार्टीले प्रतिवेदन अध्ययनपछि निकाल्न बाँकी छ ।

यस्तो अवस्थामा लामिछानेको जनकपुर भ्रमणलाई संगठनको अवस्था बुझ्ने र स्थानीय नेता-कार्यकर्तासँग सम्बन्ध सुधार्ने अवसरका रूपमा पनि हेरिएको छ । यद्यपि, रास्वपाका नेताहरूले उनको भ्रमणलाई सांस्कृतिक र धार्मिक सहभागिताका रूपमा व्याख्या गरेका छन् ।

कांग्रेस सभापति गगन थापाको सर्लाही भ्रमण पनि राजनीतिक दृष्टिले अर्थपूर्ण छ । गत निर्वाचनमा उनी सर्लाही-४ बाट उम्मेदवार बनेका थिए । निर्वाचनमा रास्वपाका अमरेशकुमार सिंहसँग पराजित भए पनि त्यहाँको जनसम्पर्क र स्थानीय राजनीतिक सम्बन्ध कायम राख्नु उनका लागि महत्त्वपूर्ण हुन सक्छ । सर्लाहीपछि वीरगन्ज पुगेर स्थानीयसँग संवाद गर्ने र प्रदीप गिरी फेलोसिपको शुभारम्भ कार्यक्रममा सहभागी हुने उनको कार्यक्रम छ ।

सभामुख अर्यालले भने छठका अवसरमा सिमरा पुगेर जातजाति, भाषा, धर्म र भूगोलका आधारमा विविधतायुक्त नेपाली समाजको सहअस्तित्वलाई नेपालको विशेषता बताएका छन् । छठ पर्वले सबैलाई एउटै घाटमा उभ्याउने सांस्कृतिक सन्देश दिन्छ । तर, राजनीतिक दलका लागि छठ जनतासँग जोडिने अवसर पनि बनेको छ ।

सांस्कृतिक एकताको प्रतीक बन्दै छठ पर्व

शहबाज खान/मध्यान्ह
कपिलवस्तु, २९ कार्तिक



मैथिली, अवधी, भोजपुरीदेखि पहाडी समुदायसम्मलाई एउटै सांस्कृतिक सूत्रमा बाँध्दै आएको छठ पर्व पछिल्ला वर्षहरूमा नेपालको साझा र समावेशी पर्वका रूपमा विस्तार हुँदै गएको छ । कुनै समय पूर्वी तराईका सीमित जिल्लामा केन्द्रित रहेको यो पर्व अहिले राजधानी, पहाडी जिल्ला तथा पश्चिम तराईसहित देशका अधिकांश क्षेत्रमा विभिन्न जातजाति र समुदायले श्रद्धापूर्वक मनाउन थालेका छन् ।

सिरहा, सप्तरी, पर्सा लगायत मधेसका जिल्लाबाट व्यापक रूपमा परिचित बनेको छठ पर्व अहिले भौगोलिक र सामुदायिक सीमाभन्दा माथि उठ्दै धार्मिक सद्भाव, सामाजिक एकता र सांस्कृतिक सहअस्तित्वको पर्वका रूपमा स्थापित हुँदै गएको छ ।

कपिलवस्तुसहित देशका विभिन्न जिल्लामा छठ पर्व उत्साह र श्रद्धाका साथ मनाइएको छ । पर्वअन्तर्गत श्रद्धालुहरूले आइतबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिएका छन् भने सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएसँगै चारदिने छठ पर्व सम्पन्न हुनेछ ।

कपिलवस्तुका तौलिहवा, बहादुरगन्ज, महाराजगन्जलगायत विभिन्न स्थानका नदी, नहर, पोखरी र जलाशयलाई विशेष रूपमा सजाइएको छ। व्रतालु महिला तथा पुरुषहरू पवित्र जलाशयमा उभिएर सूर्य देवताको आराधना गर्दै अर्घ्य अर्पण गर्ने परम्परा रहेको छ ।

पूजाका क्रममा बाँसबाट निर्मित डाला, सुप तथा अन्य परम्परागत सामग्रीमा केरा, स्याउ, ठेकुवा, भुस्वा, लड्डु तथा विभिन्न फलफूल र प्रसाद सजाएर सूर्य देवतालाई अर्पण गर्ने गरिन्छ । छठ पूजामा स्वच्छता, शुद्धता र अनुशासनलाई विशेष महत्व दिइने भएकाले जलाशय तथा आसपासका क्षेत्रको सरसफाइमा पनि स्थानीयवासी सक्रिय देखिएका छन् ।

कृष्णनगर नगरपालिका-१ स्थित पोखरीमा समेत छठ पूजा धूमधामका साथ मनाइएको छ । छठ पर्वलाई व्यवस्थित र आकर्षक बनाउन एक साताअघिदेखि पोखरी तथा आसपासको क्षेत्रको निरन्तर सरसफाइ र व्यवस्थापन गरिएको थियो ।

व्यवस्थापन तथा तयारीको अनुगमनमा कृष्णनगर नगरपालिकाका नगर प्रमुख रजत प्रताप शाह तथा छठघाट व्यवस्थापन समितिका पदाधिकारी धिरेन्द्र विक्रम सिंह, विनय शर्मा, अजय गोयल र रामेश्वर गुप्ता 'टिल्लु चाचा' लगायत निरन्तर खटिएका थिए ।

छठघाटमा श्रद्धालुहरूको सुरक्षा र सहजताका लागि नेपाल प्रहरी तथा सशस्त्र प्रहरीसमेत परिचालन गरिएको थियो । स्थानीय तह, व्यवस्थापन समिति र सुरक्षाकर्मीको समन्वयमा छठघाटलाई व्यवस्थित बनाइएको आयोजकहरूले बताएका छन् ।

उत्तर-दक्षिण...

सरकारको विदेश भ्रमणसम्बन्धी प्रारम्भिक अडान फेरिएसँगै एकातिर कूटनीतिक सक्रियता बढेको चर्चा छ भने अर्कोतिर राजनीतिक वृत्तमा विभिन्न प्रश्न उठेका छन् । खासगरी छिमेकी मुलुक भारत र चीनसँग सम्बन्ध विस्तार गर्न सरकार तथा सत्तारूढ दलका नेताहरू सक्रिय देखिएका छन् ।

भारत र चीनसँग नजिकिँदै

प्रधानमन्त्री एक वर्ष विदेश भ्रमण नगर्ने नीति लिएपछि रास्वपा सभापति रवि लामिछाने भारतसँग सम्बन्ध विस्तारमा सक्रिय भएका थिए । भारतको सत्तारूढ दल भारतीय जनता पार्टीले उनलाई स्वागत गरेको थियो । दसैंका अवसरमा विभिन्न शक्तिपीठको दर्शन गर्ने क्रममा लामिछानेले भारतका विभिन्न प्रदेशको भ्रमणसमेत गरे । रास्वपाले उक्त भ्रमण व्यक्तिगत भएको दाबी गरे पनि त्यस क्रममा केही राजनीतिक भेटघाटसमेत भएका थिए । यता, चीन पनि नेपालको नयाँ सत्तापक्षसँग सम्बन्ध विस्तारको प्रयासमा छ। रास्वपा सभापति लामिछानेको गत भदौ पहिलो साता तय भएको चीन भ्रमण भने स्थगित भएको थियो । चिनियाँ राष्ट्रपति सी चिनफिङले भेटका लागि समय नदिने र विगतका विकास साझेदारीका विषयमा चीनप्रतिको रास्वपाको धारणा एकरूप नभएकाले भ्रमण रोकिएको रास्वपाकै नेताहरूले बताएका थिए ।

यसैबीच, आइतबार रास्वपाका २० सांसद चीन प्रस्थान गरेका छन् । चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी)को औपचारिक निमन्त्रणामा महामन्त्री विपीन आचार्यको नेतृत्वमा पार्टीको उच्चस्तरीय प्रतिनिधिमण्डल चीन गएको हो । टोलीमा सांसदहरू गणेश पराजुली, हरि ढकाल, कवीन्द्र बुर्लाकोटी, लिमा अधिकारी, समीक्षा बास्कोटा, सागर ढकाल, सुशान्त वैदिक, रिमा विश्वकर्मा, रमेशकुमार सापकोटा, डा. धनञ्जय रेग्मी, गजला शमिम मिकरानी, श्रीराम न्यौपाने, डा. राम लामा, पुनमकुमारी अग्रवाल, डा. आनन्दबहादुर चन्द, डा. सुजाता तामाङ, पुष्पाकुमारी चौधरी, अरविन्द शाह र रत्ना थापा सहभागी छन् । उनीहरूको भ्रमण ११ दिनको हुनेछ ।

चीन भ्रमणमा दुई देशको आपसी सम्बन्धका विषयमा मात्र केन्द्रित हुन सभापति लामिछानेले सांसदहरूलाई निर्देशन दिएका छन् । शनिवार सांसदहरूलाई निर्देशन दिँदै उनले भनेका थिए, 'हाम्रा लागि चीन र भारत दुवै छिमेकी राष्ट्र उत्तिकै महत्त्वपूर्ण हुन् । एउटा राष्ट्रसँग कुरा गर्दा अर्को छिमेकीका विषयमा छलफल नगर्नुहोला ।'

भ्रमणका क्रममा बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई)लगायत विषयमा पनि सचेततापूर्वक धारणा राख्न पार्टी सभापति लामिछाने र वरिष्ठ नेता एवं प्रधानमन्त्री शाहले निर्देशन दिएका छन् । सांसदहरूले संवेदनशील कूटनीतिक विषयमा अपरिपक्व अभिव्यक्ति नदिऊन् भन्ने उद्देश्यले दुवै नेताले यस्तो निर्देशन दिएको हुन सक्ने विश्लेषकहरूको बुझाइ छ ।

'सरकार सच्चिएको छ'

परराष्ट्रविद् डा. दिनेश भट्टराईले सरकारको पछिल्लो कूटनीतिक सक्रियतालाई सकारात्मक रूपमा लिएका छन् । उनका अनुसार छिमेकी मुलुकहरू महत्त्वपूर्ण मित्र भएकाले उनीहरूसँगको सम्बन्धलाई प्राथमिकता दिनु आवश्यक छ । 'छिमेकीसँगको सम्बन्ध संवाद सुरुबाटै हुनुपर्ने हो,' डा. भट्टराई भन्छन्, 'तर पहिला अलि डिस्टेन्स मेन्टेन गर्न खोजेजस्तो थियो । अहिले सरकार सच्चिएको छ ।'

नेपालको विकासका लागि चीन र भारत दुवैसँग घनिष्ठ सम्बन्ध आवश्यक रहेको उनको भनाइ छ । एक वर्षसम्म विदेश भ्रमण नगर्ने सरकारको प्रारम्भिक निर्णय नै गलत भएको उनको टिप्पणी छ । छिमेकी मुलुकहरूले पनि सत्तापक्षीय दल र नेताहरूसँग नयाँ सम्बन्ध विस्तार गर्न खोज्नु तथा नयाँ राजनीतिक शक्तिका रूपमा उदाएको रास्वपाले उनीहरूको विश्वास जित्ने प्रयास गर्नु सकारात्मक भएको उनले बताए । 'हाम्रो मुलुकको विकासका लागि सत्तापक्षले दुवै छिमेकीको विश्वास जित्न सक्नुपर्‍यो,' उनले भने, 'राष्ट्रिय हितका लागि दुवै देशसँग आफ्ना कुरा स्पष्ट राख्न सक्नुपर्छ ।'

रास्वपा सरकारमा आएपछि नेपालको कूटनीतिक सम्बन्ध र परराष्ट्र नीतिका विषयमा प्रश्न उठ्दै आएका छन् । प्रधानमन्त्रीले सुरुमा छिमेकीसँग दूरी राख्न खोजेको देखिए पनि अहिले सभापति लामिछानेसहित सत्तापक्षका नेताहरू सम्बन्ध विस्तारमा सक्रिय भएका छन् । यद्यपि, सरकारको सात महिनाको कूटनीतिक उपलब्धि सन्तोषजनक नभएको विज्ञहरूको टिप्पणी छ ।

भूगोलसँग प्रत्यक्ष जोडिएका उत्तरी छिमेकी चीन र दक्षिणी छिमेकी भारतसँग नेपालले विभिन्न विकास परियोजनामा सहकार्य गर्दै आएको छ । ती परियोजनालाई निरन्तरता दिँदै नयाँ योजनाको मार्गचित्र तयार गर्नु वर्तमान सरकार र सत्तारूढ दलको दायित्व रहेको विज्ञहरू बताउँछन् । 'भूराजनीति भन्ने भूगोलबाट सुरु हुन्छ,' डा. भट्टराईले मध्यान्हसँग भने, 'आन्तरिक राजनीति सम्हाल्ने र छिमेकी शक्तिराष्ट्रसँग विश्वास आर्जन गर्ने सरकारले उत्तर र दक्षिण दुवैसँग सुमधुर सम्बन्ध बनाउनुपर्छ । सुरुमा सरकारले कूटनीतिक मामिलामा दूरी राख्न खोजेको देखिए पनि पछिल्लो पटक सच्चिन खोजेको देखिन्छ ।'

सत्तापक्षकै...

केही सांसद एसियाली महिला सांसद ककस २०२६ मा सहभागी हुन मलेसिया पुगेका छन् भने केही बालबालिकामाथि हुने हिंसा अन्त्यसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुन फिलिपिन्स जाने तयारीमा छन् ।

भ्रमणको औचित्य, खर्च र त्यसबाट प्राप्त हुने उपलब्धिबारे रास्वपाकै सांसदहरूले सार्वजनिक रूपमा प्रश्न उठाएका छन् ।

रास्वपाकी केन्द्रीय सदस्य तथा सांसद टीका संग्रौला (ज्वाला)ले ठुलो समूह बनाएर विदेश भ्रमण गर्नु देश र जनहितविपरीत भएको टिप्पणी गरेकी छन् । सामाजिक सञ्जालमा उनले लेखेकी छन्, 'हुल बाँधेर विदेश भ्रमण गर्नु देश र जनहित विपरीत छ, साथीहरू । हिजो अरूले त्यही गर्दा गलत हुने, आज हामीले गर्दा सही हुने भन्ने कहाँ लेखेको छ ?'

उनले सम्बन्धित मुलुकले खर्च बेहोरेर वा विज्ञका रूपमा निमन्त्रणा गरेको अवस्थामा भ्रमण उचित हुन सक्ने बताएकी छन् । तर, राज्यको रकम खर्च गरेर विदेश गएको भए त्यो तरिका हिजो पनि गलत र आज पनि गलत हुने उनको भनाइ छ ।

रास्वपाकै अर्का केन्द्रीय सदस्य तथा सांसद गणेश कार्कीले विदेश भ्रमणमा जाने सांसदहरूले सरकारी खर्चमा गएको वा नगएको सार्वजनिक गर्नुपर्ने माग गरेका छन् ।

टर्कीको अन्ताल्यामा कार्तिक २३ देखि मंसिर ४ गतेसम्म भइरहेको कोप-३१ मा नेपालबाट पाँच मन्त्रीसहित सांसदहरू सहभागी भएका छन् । यसै सन्दर्भमा कार्कीले सामाजिक सञ्जालमा लेखेका छन्, 'सधैँझैँ यसपालि पनि कोपमा जानेहरूको लर्को छ । वातावरणको विद्यार्थी र सांसद पनि भएकाले हो कि धेरै साथीहरू कोपका लागि टर्किए पुगेको, पुग्दै गरेको देख्छु । जानेहरूले आफू सरकारी खर्चमा गएका हुन् कि होइनन् भन्ने सार्वजनिक रूपमा घोषणा गरून्, गर्नैपर्छ ।'

रास्वपाका सांसद श्रीराम न्यौपाने भने कोप-३१ मा सहभागी नहुने भएका छन् । ऊर्जा क्षेत्रसम्बन्धी साइड इभेन्टमा नेपालको तर्फबाट नेतृत्वदायी भूमिका निर्वाह गर्ने अवसर सुनिश्चित भए व्यक्तिगत खर्चमा जाने, अन्यथा सहभागी नहुने जानकारी दिएको उनले बताएका छन् । 'म राज्यकोषबाट नभई आफ्नै खर्चमा जाने, अन्यथा सहभागी नहुने जानकारी गराएको थिएँ,' उनले भनेका छन् ।

भ्रमणलाई राष्ट्रिय स्वार्थसँग जोडेर हेर्नुपर्ने उनको धारणा छ । 'राष्ट्रिय स्वार्थका विषयमा सहभागिता महत्त्वपूर्ण हो, तर सहभागिताभन्दा पनि सहभागिताको उद्देश्य, भूमिका र योगदान महत्त्वपूर्ण हुन्छ,' उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'मञ्चमा उपस्थित हुनु मात्र उपलब्धि होइन, नेपालको आवाज, दृष्टिकोण र सम्भावनालाई विश्वसामु प्रभावकारी रूपमा स्थापित गर्नु वास्तविक उपलब्धि हो ।'

त्यस्तै, रास्वपाकी केन्द्रीय सदस्य तथा सांसद आशिका तामाङले राज्यको ढुकुटीबाट एक सांसदले कतिपटक विदेश भ्रमण गर्न पाउने भन्ने प्रश्न उठाएकी छन् । 'राज्यको ढुकुटीबाट एउटा सांसद कतिपल्ट विदेश भ्रमण गर्न पाउँछ ?' उनले सामाजिक सञ्जालमा लेखेकी छन्, 'जनताले थाहा पाउने त परको कुरा, आफ्नै पार्टीभित्रका अन्य सांसदहरूलाई समेत थाहा पत्तो हुँदैन, उहाँहरू केका लागि विदेश जानुभयो भनेर !'

२ दशकमा...

विभिन्न संसदीय समितिका नाममा सांसदहरू विदेश जाने गरे पनि आफ्नै समितिका सदस्यलाई समेत भ्रमणबारे जानकारी नहुने गरेको उनको गुनासो छ । 'सांसदहरू विभिन्न समितिभित्र हुनुहुन्छ, आफ्नो समितिबाट विदेश भ्रमणमा सुटुक्क जानुहुन्छ र सुटुक्क आउनुहुन्छ । तर आफ्नै समितिभित्रका सदस्यहरूले समेत कसैले पनि थाहा पत्तो पाएका हुँदैनन् ! विदेश भ्रमण केका लागि गइन्छ ?' उनले प्रश्न गरेकी छन्, 'राज्यको लाखौं खर्च गरेर गरिएको विदेश भ्रमणबाट जनता र सांसदले पाउने उपलब्धि के हो ?'

रास्वपाका अर्का सांसद राजु पाण्डेले पनि नेताहरूको विदेश भ्रमणप्रति असन्तुष्टि जनाएका छन् । उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'जिम्मेवारी/कुर्सीमा पुगेपछि प्राथमिकता त विदेश जाने नै हुँदो रहेछ... अचम्म ! लाज पनि लजायो कि ! कुरीकुरी ।'

२ दशकमा...

दिएको छ । आदिवासी जनजाति आयोगले सार्वजनिक गरेको तथ्यांकअनुसार आर्थिक वर्ष २०६४/०६५ देखि २०८०/०८१ सम्म निजामती सेवामा समावेशी विज्ञापनमार्फत विभिन्न आरक्षित समूहका २५ हजार २१८ जना सिफारिस भएका छन् । यही अवधिमा खुला प्रतिस्पर्धाबाट भने ३६ हजार ५३७ जना निजामती सेवामा भर्ना भएका छन् ।

आयोगका अध्यक्ष रामबहादुर थापा मगरका अनुसार संविधान र कानुनको पालना एवं समुदायप्रतिको उत्तरदायित्व बोध गर्दै आयोगले गरेको कार्यक्रम सम्बन्धित सबैलाई सुसूचित गर्न र संविधानको धारा २ ९४ बमोजिम राष्ट्रपतिसमक्ष पेस गर्न आयोगद्वारा यो वार्षिक प्रतिवेदन तयार गरिएको हो ।

'...आयोगले वर्षभरी आदिवासी जनजाति समुदायको हक अधिकार कार्यान्वयनको अनुगमनका क्रममा सामना गर्दा संवैधानिक, कानुनी, आर्थिक, प्रशासनिकलगायत बाधा-अड्चनका विषयलाई सरकारले गर्नुपर्ने कामलाई सिफारिसको रूपमा प्रतिवेदनमा समावेश गरिएको छ,' अध्यक्ष मगरले वार्षिक प्रतिवेदनमै लेखेका छन् ।

आयोगले राष्ट्रपतिसमक्ष पेस गरेको प्रतिवेदनअनुसार समावेशिता लागू भएपछिको अवधिमा आरक्षणबाट सबैभन्दा धेरै लाभ लिनेमा महिला छन् । यस अवधिमा आठ हजार ६०० महिलाले समावेशी कोटाबाट निजामती सेवामा प्रवेश गर्ने अवसर पाएका छन् । त्यसपछि मधेसी समुदायबाट पाँच हजार ४९६ जना सिफारिस भएका छन् ।

त्यस्तै, आदिवासी जनजाति समुदायबाट ६ हजार ७५७ जना, दलित समुदायबाट दुई हजार २९० जना, अपांगता भएका व्यक्तिबाट एक हजार १६१ जना र पिछडिएको क्षेत्रबाट ९१४ जना निजामती सेवामा सिफारिस भएका छन् ।

यी तथ्यांकले आरक्षण व्यवस्थाले विभिन्न समुदायको सरकारी सेवामा प्रतिनिधित्व बढाउन भूमिका खेलेको देखाउँछन् । तर, वर्षैपिच्छे सिफारिस हुने संख्यामा भने उतारचढाव देखिन्छ ।

आदिवासी जनजाति समुदायको प्रतिनिधित्व सुरुवाती वर्षहरूमा सिफारिस हुने संख्या तुलनात्मक रूपमा कम थियो । आर्थिक वर्ष २०६४/०६५ मा २४५ जना आदिवासी जनजाति सिफारिस भएका थिए । त्यसको अर्को वर्ष अर्थात् २०६५/०६६ मा यो संख्या घटेर ९४ मा झऱ्यो ।

तर, २०६६/०६७ मा पुनः बढेर ३६८ पुग्यो । त्यसपछि २०६७/०६८ देखि २०७३/०७४ सम्म आदिवासी जनजातिको सिफारिस संख्या क्रमशः बढ्दै गयो । यो अवधिको अन्तिम वर्ष २०७३/०७४ मा सबैभन्दा धेरै एक हजार २६ जना सिफारिस भएको तथ्यांक छ ।

त्यसपछिका दुई वर्षमा भने संख्या ओरालो लाग्यो । आर्थिक वर्ष २०७४/०७५ मा ८५८ जना र २०७५/०७६ मा ५०९ जना आदिवासी जनजाति सिफारिस भए ।

अझ २०७६/०७७ र २०७७/०७८ मा त सिफारिस संख्या निकै न्यून रह्यो । ती दुई आर्थिक वर्षमा क्रमशः २६ र ६ जना मात्रै आदिवासी जनजाति समुदायबाट सिफारिस भएका थिए । अन्य वर्षको तुलनामा यो संख्या निकै कम हो ।

त्यसपछि भने फेरि सुधार देखिन थाल्यो । आर्थिक वर्ष २०७८/०७९ देखि सिफारिस संख्या बढ्दै गएकोमा २०७९/०८० मा ४०१ जना पुगेको थियो । तर, २०८०/०८१ मा फेरि घटेर २८२ जनामा सीमित भयो ।

निजामती सेवामा आदिवासी जनजातिको मात्रै होइन, अन्य समावेशी समूहको प्रतिनिधित्वमा पनि यस्तै उतारचढाव देखिन्छ । यद्यपि, करिब दुई दशकको तथ्यांकले आरक्षण व्यवस्थामार्फत ठुलो संख्यामा नागरिकले सरकारी सेवामा प्रवेशको अवसर पाएको देखाउँछ ।

नेपालमा २०६३ सालको अन्तरिम संविधानले राज्यका संरचनामा समावेशी सिद्धान्तलाई संस्थागत गर्ने आधार तयार गरेको थियो । त्यसपछि निजामती सेवा ऐन, २०४९ मा संशोधन गर्दै आरक्षणको व्यवस्था गरिएको हो । २०६४ सालदेखि यो व्यवस्था औपचारिक रूपमा कार्यान्वयनमा आएको हो ।

यो व्यवस्थाअनुसार निजामती सेवामा खुला प्रतिस्पर्धाबाट पूर्ति हुने कुल पदमध्ये ४५ प्रतिशत विभिन्न समावेशी समूहका लागि छुट्याउने गरिएको छ ।

मलेसियामा...

२८ हजार ७४४ जनाले नाम दर्ता गराएका थिए । तीमध्ये अधिकांशले आवश्यक प्रक्रिया पूरा गरी स्वदेश फर्किएको विभागका महानिर्देशक दातुक जकारिया शावानले जानकारी दिएका छन् ।

यसैबीच, अवैध आप्रवासी नियन्त्रणका लागि सञ्चालन गरिएका विभिन्न कारवाहीमा ७० हजार १९५ जना पक्राउ परेका छन् । जनवरी १ देखि अक्टोबर ३१ सम्म देशभर ११ हजार ८०८ वटा कारवाही सञ्चालन गरिएको विभागले जनाएको छ । पक्राउ परेकामध्ये कानुनी प्रक्रिया पूरा गरेपछि ५२ हजार ५८५ जनालाई देश निकाला गरिएको छ । सोही अवधिमा १ लाख ५५ हजार ४९८ जनाको अध्यागमनसम्बन्धी जाँच गरिएको थियो ।

विभागका महानिर्देशक जकारियाका अनुसार भिसाको म्याद सकिएपछि पनि मलेसियामा बस्ने, भिसा तथा पासको दुरुपयोग गर्ने र वैध कागजातबिना काम तथा बसोबास गर्ने विदेशी नागरिकमाथि निगरानी र कारबाही तीव्र पारिएको छ ।

विशेषगरी विदेशी नागरिकको बाक्लो उपस्थिति रहेका आवासीय क्षेत्र, कार्यस्थल, व्यावसायिक प्रतिष्ठान तथा संवेदनशील स्थानलाई लक्षित गरी गुप्त सूचनाका आधारमा कारबाही भइरहेको उनले बताएका छन् । अवैध रूपमा विदेशी कामदार नियुक्त गर्ने, भिसा दुरुपयोग गर्ने तथा भवन र व्यावसायिक स्थललाई अवैध आवास वा ट्रान्जिट सेन्टरका रूपमा प्रयोग गर्ने गतिविधिमाथि पनि विभागले निगरानी बढाएको छ ।

अध्यागमन कानुन कार्यान्वयनलाई प्रभावकारी बनाउन मलेसिया प्रहरीले राष्ट्रिय दर्ता विभाग र स्थानीय निकायलगायत सरकारी तथा सुरक्षा निकायसँग सहकार्य गरिरहेको छ । यस्तो सहकार्यमा पहिलो १० महिनामा १ हजार ६७४ वटा संयुक्त कारवाही सञ्चालन गरिएको छ। यसका अतिरिक्त विभिन्न प्रतिष्ठान तथा व्यावसायिक स्थलमा ३ हजार ४२४ पटक अनुगमन र निरीक्षण गरिएको विभागले जनाएको छ ।

संयुक्त कारवाहीबाट अवैध रोजगारी, व्यावसायिक स्थलको दुरुपयोग तथा अध्यागमन कानुन उल्लंघनमा सहयोग गर्ने व्यक्तिहरूको पहिचान र अनुसन्धान गर्न सहज भएको जकारियाको भनाइ छ ।

उनले अध्यागमन कानुन उल्लंघनसम्बन्धी गतिविधिबारे जानकारी भएमा विभागका आधिकारिक माध्यमबाट सूचना दिन सर्वसाधारणलाई आग्रह गरेका छन् । मलेसियाले आगामी दिनमा पनि प्रविधिको प्रयोग, गुप्त सूचना संकलन र विभिन्न सरकारी निकायबीचको सहकार्यलाई सुदृढ गर्दै अवैध आप्रवासन नियन्त्रण अभियानलाई निरन्तरता दिने जनाएको छ ।

दक्षिण...

अध्यागमनसम्बन्धी प्रशासनिक काम गर्ने कार्यालयहरूले ई-९ भिसा भएका विदेशी श्रमिकलाई जनसंख्या घटिरहेका क्षेत्रका कम्पनीहरूमा काम गर्न ई-७-४आर जस्ता भिसा प्राप्त गर्न सहयोग गर्दै आएका छन् । भिसा परिवर्तन गर्न चार महिनासम्म समय लाग्ने गरेको छ । यस विषयमा भने विदेशी श्रमिकहरूले आलोचना गरेका छन् । चार महिना काम नगर्दा आर्थिक रूपमा ठुलो नोक्सानी हुने उनीहरूको भनाइ छ ।

नेपालबाट इपिएस प्रणालीमार्फत कोरिया गएर लगभग १० वर्ष काम गरिसकेका श्रमिकहरूले ई-७-४आर भिसामा परिवर्तन गर्ने गरेका छन् ।

कुवेतमा रोजगार

कम्पनी: **ASPECT PETROLEUM SERVICES CO.** शहर: **KUWAIT**
पूर्व स्वीकृत मिति: २०८३/०७/२५ चलानी नं.: ६०२६३४०७ L.T. No.: 350474

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Helper (Indoor)	80	0	सम्बन्धित कामका दक्ष	95	४६,३२६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Scaffolder	25	0		130	६३,३५४							
3.	Cashier	25	15		140	६८,२७१							
4.	Team Member (Female)	0	25		120	५८,५१८							
5.	Male Team Members	75	0		120	५८,५१८							
6.	Driver (Light)	25	0		140	६८,२७१							
7.	Heavy Driver (All Types)	20	0		160	७८,०२४							

कम्पनी: **ABOU JOHNY RESTAURANT COMPANY** शहर: **KUWAIT**
पूर्व स्वीकृत मिति: २०८३/०७/२५ चलानी नं.: ६०२६३३५५ L.T. No.: 350475

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	A CLEANER	6	0	स. कामका दक्ष	100	४८,७६५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी: **ECOVERT GENERAL TRADING & CONTRATING CO.** शहर: **KUWAIT**
पूर्व स्वीकृत मिति: २०८३/०७/२५ चलानी नं.: ६०२६३३४८ L.T. No.: 350476

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Office Boy	35	0	सम्बन्धित कामका दक्ष	110	५३,६४१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Office Girls	0	35		110	५३,६४१							
3.	Tea Boy	35	0		110	५३,६४१							
4.	Cleaner (Indoor)	75	75		95	४६,३२६							
5.	Lifeguard & Pool Attendant	35	0		150	७३,१४७							
6.	Cctv Room Security Operator	35	0		150	७३,१४७							
7.	Security Guard	35	0		125	६०,५५६							

कम्पनी: **OHIO PETROLEUM SERVICE CO.** शहर: **KUWAIT**
पूर्व स्वीकृत मिति: २०८३/०४/१७ चलानी नं.: ६०२५५१५३ L.T. No.: 345960 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | व

लिखित परीक्षाबिनै फास्ट ट्रयाकबाट प्राध्यापक नियुक्ति गर्दै त्रिवि

मध्यान्ह संवाददाता
काठमाडौं, २९ कार्तिक



त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले अनुसन्धान र शैक्षिक उपलब्धिलाई आधार बनाएर फास्ट ट्रयाकबाट प्राध्यापक नियुक्त गर्ने प्रक्रिया अघि बढाएको छ । यस प्रक्रियामा लिखित परीक्षा हुने छैन । तर, उम्मेदवारका लागि विद्यावारिधि (पिएचडी), अनुसन्धान र शोधपत्र प्रकाशन अनिवार्य गरिएको छ ।

त्रिवि सेवा आयोगले २०८२ जेठमा प्राध्यापक, सहप्राध्यापक र उपप्राध्यापक गरी १३० पदका लागि विज्ञापन खुलाएको थियो । त्यसमध्ये १०० पदमा त्रिविको आफ्नै खर्च र ३० पदमा विश्वविद्यालय अनुदान आयोगको खर्चमा नियुक्ति गर्ने योजना छ ।

विश्वविद्यालयमा पदाधिकारी नियुक्तिमा भएको ढिलाइ र फास्ट ट्रयाकबाट प्राध्यापक नियुक्त गर्न लागिएको भन्दै विरोध भएपछि प्रक्रिया रोकिएको थियो । अहिले विश्वविद्यालयका पदाधिकारीले पूर्णता पाएसँगै नियुक्ति प्रक्रिया पुनः अघि बढाइएको छ ।

त्रिवि सेवा आयोगका अनुसार, यो प्रक्रिया पनि खुला प्रतिस्पर्धामै आधारित हुनेछ । आयोगका कार्यालय प्रमुख विष्णुप्रसाद अर्यालले चारजनाको नाम नियुक्तिका लागि सिफारिस भइसकेको र बाँकी उम्मेदवारको मूल्यांकन भइरहेको जानकारी दिए ।

विदेशमा कार्यरत नेपाली प्राज्ञिक तथा अनुसन्धानकर्तालाई स्वदेश फर्काएर विश्वविद्यालयको शैक्षिक गुणस्तर बढाउने उद्देश्यले यस्तो व्यवस्था गरिएको त्रिविको भनाइ छ ।

यस प्रक्रियामा लिखित परीक्षा नलिए पनि उम्मेदवारको शैक्षिक योग्यता, अनुसन्धान, प्रकाशित कृति र अन्तर्वार्तालाई मुख्य आधार बनाइनेछ । उम्मेदवारले पिएचडी गरेको हुनुपर्नेछ भने प्रतिष्ठित जर्नलमा अनुसन्धानमूलक लेख प्रकाशित गरेको हुनुपर्नेछ । अन्तर्वार्तामा विदेशी विषयविज्ञलाई समेत सहभागी गराइने त्रिविले जनाएको छ ।

त्रिविले 'अनुसन्धानात्मक विशिष्टताको आधारमा खुला प्रतियोगिताद्वारा शिक्षकहरूको नियुक्तिको सिफारिस सम्बन्धी विनियम, २०८२ 'मार्फत छनोटका मापदण्ड तय गरेको छ । नियुक्तिको सिफारिसका लागि कुल २०० अंक निर्धारण गरिएको छ । त्यसमा अनुसन्धान तथा कृति प्रकाशनका लागि १५०, शिक्षण अनुभवका लागि १०, शोध निर्देशनका लागि २० र अन्तर्वार्ताका लागि २० अंक छुट्याइएको छ ।

निर्धारित पूर्णांकमा प्राध्यापक पदका उम्मेदवारले कम्तीमा ७० प्रतिशत, सहप्राध्यापकले ६५ प्रतिशत र उपप्राध्यापकले ६० प्रतिशत अंक प्राप्त गर्नुपर्नेछ । तोकिएको न्यूनतम अंक नल्याउने उम्मेदवार नियुक्तिका लागि सिफारिस हुने छैनन् ।

त्रिविले यसअघि पनि परीक्षणका रूपमा फास्ट ट्रयाकबाट प्राध्यापक नियुक्त गरेको थियो । २०७३ असोजमा पहिलोपटक पाँचजना प्राध्यापक र पाँचजना सहप्राध्यापक नियुक्त गरिएको थियो । त्यसै गरी, २०७६ पुसमा पाँचजना प्राध्यापक र २६ जना सहायक प्राध्यापकलाई यही प्रक्रियाबाट नियुक्त गरिएको थियो ।

त्रिविका अधिकारीहरूका अनुसार अनुसन्धान र शैक्षिक उपलब्धिका आधारमा खुला प्रतिस्पर्धाबाट प्राध्यापक नियुक्त गर्ने अभ्यास अन्य देशका विश्वविद्यालयमा पनि छ । विदेशमा पिएचडी गरेर अनुसन्धान तथा प्राज्ञिक क्षेत्रमा काम गरिरहेका नेपालीलाई स्वदेशकै विश्वविद्यालयमा काम गर्ने अवसर दिन यो व्यवस्था ल्याइएको त्रिविको भनाइ छ ।

प्रधानमन्त्रीको सचिवालयमा विज्ञको जिम्मेवारी हटाएर संयोजक र उपसंयोजक



काठमाडौं/मस- प्रधानमन्त्री वालेन्द्र शाहले आफ्नो सचिवालयको कार्य संरचनामा हेरफेर गर्दै विज्ञका रूपमा नियुक्त व्यक्तिहरूलाई संयोजक र उपसंयोजकको जिम्मेवारी दिएका छन् ।

प्रधानमन्त्री शाहले कार्यसम्पादनको समीक्षा गरेपछि सचिवालयमा रहेका पाँच जनालाई संयोजक र पाँच जनालाई उपसंयोजक तोकेका हुन् । यसअघि विज्ञ तथा सहायक विज्ञका रूपमा नियुक्त उनीहरूको पदनाम परिवर्तन गरिएको हो ।

नयाँ जिम्मेवारीअनुसार विकास परियोजनासम्बन्धी काम हेर्दै आएका सञ्जीव पाण्डेलाई विकास तथा मन्त्रालयगत समन्वय संयोजक बनाइएको छ । प्रेस तथा अनुसन्धान विज्ञका रूपमा कार्यरत दीपा दाहाललाई मिडिया व्यवस्थापन संयोजकको जिम्मेवारी दिइएको छ ।

त्यस्तै, सामाजिक विकाससम्बन्धी विषय हेर्दै आएका विश्व राईलाई सामाजिक विकास समन्वय संयोजक र कार्यक्रम तथा भ्रमण संयोजक रहेका सन्तोष गिरीलाई अन्तरनिकाय समन्वय संयोजक तोकिएको छ । विशाल अधिकारीले सरकारी मामिला तथा योजना समन्वय संयोजकको जिम्मेवारी पाएका छन् ।

यसअघि स्वकीय उपसचिवसरह नियुक्त भएका पाँच जनालाई पनि उपसंयोजकको जिम्मेवारी दिइएको छ । जसअनुसार सुमन गौतम नागरिक उड्डयन समन्वय उपसंयोजक, रविकिरण अधिकारी सामाजिक विकास समन्वय उपसंयोजक र प्रकृति ढकाल स्वास्थ्य समन्वय उपसंयोजक बनेका छन् ।

त्यस्तै, विनय शाक्यलाई संस्कृति तथा सम्पदा समन्वय उपसंयोजक र दीपकप्रसाद ओलीलाई नीति मस्यौदा अध्ययन उपसंयोजकको जिम्मेवारी दिइएको छ । प्रधानमन्त्री सचिवालयमा विज्ञका रूपमा नियुक्त व्यक्तिहरूको विषयगत विज्ञता र मन्त्रालयगत छलफलमा उनीहरूको भूमिकालाई लिएर प्रश्न उठेपछि जिम्मेवारी परिवर्तन गरिएको बताइएको छ ।

उनीहरूको कार्यक्षेत्रमा ठुलो परिवर्तन नभए पनि पदअनुसारको जिम्मेवारी र भूमिका स्पष्ट पार्न पदनाम हेरफेर गरिएको हो । संयोजकको जिम्मेवारी पाउनेहरू सहसचिवसरह र उपसंयोजकको जिम्मेवारी पाउनेहरू उपसचिवसरह सेवा सुविधा पाउने गरी नियुक्त भएका छन् ।

यद्यपि, प्रधानमन्त्रीका सल्लाहकारहरूको जिम्मेवारीमा भने कुनै परिवर्तन गरिएको छैन । प्रधानमन्त्रीका मुख्य सल्लाहकार कुमार व्यञ्जनकार र स्वास्थ्य सल्लाहकार प्राडा जगदीशप्रसाद अग्रवाल यथावत् छन् । दुवै जना मन्त्रीसरहका अवैतनिक सल्लाहकार हुन् ।

त्यस्तै, राजनीतिक सल्लाहकारमा असिम शाह, राज्यमन्त्रीसरहका सल्लाहकारमा नीति, प्रशासन तथा सुशासनतर्फ सुदीप ढकाल र सूचना तथा सञ्चार प्रविधितर्फ विवेक मिश्र कायम छन् ।

प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव सुवास शर्मा र स्वकीय सचिव नवीन भण्डारीको जिम्मेवारीमा पनि फेरबदल गरिएको छैन ।

लेखक तथा पत्रकार कृष्ण अधिकारीको 'कर्मवाद : चिन्तन र अभ्यास' विमोचन



काठमाडौं/मस- लेखक तथा पत्रकार कृष्ण अधिकारीको 'कर्मवाद : चिन्तन र अभ्यास' पुस्तक विमोचन गरिएको छ ।

राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी सम्पादक समेत रहेका अधिकारीको कर्मवादलाई आधुनिक जीवन, राजनीति र राष्ट्रनिर्माणसँग जोड्ने पुस्तक 'कर्मवाद : चिन्तन र अभ्यास' पुस्तक आइतवार विमोचन गरिएको हो ।

विमोचन कार्यक्रमका प्रमुख अतिथि तथा राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाल, कांग्रेस नेता अर्जुननरसिंह केसी, नेकपा (एमाले)का नेता रामेश्वर फुँयाल, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की नेत्री सत्या अधिकारी, पूर्वसचिव कृष्णहरि बाँस्कोटा, रासस‌का महाप्रबन्धक सन्दिप राई, कर्मवादका अभियान्ता मणिराम डंगोललगायतले पुस्तकको संयुक्त रुपमा विमोचन गरेका थिए ।

कार्यक्रममा लेखक अधिकारीले कर्म, नैतिकता, जिम्मेवारी, पुरुषार्थ र सामाजिक उत्तरदायित्वलाई आधुनिक जीवन तथा राष्ट्रनिर्माणसँग जोडेर विश्लेषण गरिएको पुस्तक 'कर्मवाद : चिन्तन र अभ्यास' पाठकमाझ ल्याएको बताए । पुस्तकले कर्मवादलाई केवल प्राचीन धार्मिक विश्वास वा दार्शनिक मान्यतामा सीमित नराखी आधुनिक जीवन र सामाजिक व्यवहारसँग जोडेर व्याख्या गर्ने प्रयास गरेको उल्लेख गर्दै लेखक अधिकारीले विज्ञान, प्रविधि, लोकतन्त्र, मानव अधिकार, विश्वव्यापीकरण र आधुनिक मनोविज्ञानले मानिसको जीवनशैली तथा सोचमा ल्याएको परिवर्तनलाई समेत कर्मवादको दृष्टिकोणबाट विश्लेषण गरिएको बताए ।

'आधुनिक मनोविज्ञानले मानिसको व्यवहार र त्यसका परिणामलाई कारण-परिणाम, सोच, बानी, प्रेरणा तथा सामाजिक वातावरणसँग जोडेर अध्ययन गर्ने विषयलाई पुस्तकमा उल्लेख गरिएको छ', लेखक अधिकारीले भने, 'पुस्तकले भाग्यवाद र पुरुषार्थबीचको बहसलाई पनि महत्वपूर्ण रूपमा उठाएको छ र समाजमा गरिबी, असमानता, कठिन परिस्थिति र असफलतालाई पूर्वजन्मको कर्मको परिणामका रूपमा स्वीकार गर्ने प्रवृत्तिले सामाजिक अन्यायविरुद्धको संघर्ष कमजोर बनाउन सक्ने विषयप्रति पुस्तकले सचेत गराएको छ ।' कर्मवाद र राजनीतिबीचको सम्बन्धलाई पुस्तकको महत्वपूर्ण विषयका रूपमा प्रस्तुत गरिएको उल्लेख गर्दै लेखक अधिकारीले राजनीतिक नेतृत्व र राज्यका संस्थाले गर्ने कर्मले लाखौं नागरिकको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले सुशासन, भ्रष्टाचार नियन्त्रण, जनसेवा, लोकतान्त्रिक संस्कार, नैतिक नेतृत्व र सार्वजनिक उत्तरदायित्वमा कर्मवादी मूल्यहरूको महत्वपूर्ण भूमिका हुन सक्ने बताए ।

पुस्तकको समीक्षा गर्दै साहित्यकार एवम् पर्यटन विज्ञ डा चेतनाथ कँडेलले श्रीमद्भगवद्गीतामा उल्लेखित कर्मप्रतिको निष्ठा र फलप्रतिको आशक्तिबाट मुक्त रहने मान्यतालाई आधार बनाउँदै पुस्तकले मानिसलाई आफ्नो कर्तव्य र जिम्मेवारीप्रति इमानदार हुन प्रेरित गरेको बताए ।

भुँडीपुराण प्रकाशनद्वारा प्रकाशित कुल १४८ पृष्ठ र १२ वटा खण्डमा विभाजित उक्त पुस्तकमा कर्मवादका धार्मिक, दार्शनिक, सामाजिक, राजनीतिक तथा व्यावहारिक पक्षलाई समेटिएको छ । पुस्तकमा कर्मको परिचय, सिद्धान्त र विकासक्रमदेखि हिन्दू, बौद्ध, जैनलगायत विभिन्न धार्मिक सम्प्रदायमा कर्मसम्बन्धी मान्यता र विभिन्न दार्शनिक तथा विद्वान्हरूका विचार समावेश गरिएको छ ।

महाधिवेशनमा क्षति पुगेको खुलामञ्चमा कांग्रेसले रोप्यो दुबो



काठमाडौं/मस- नेपाली कांग्रेसको १५औं महाधिवेशनका क्रममा क्षति पुगेको खुलामञ्चमा दुबो रोपिएको छ । कांग्रेस महानगर समितिको आयोजनामा पार्टीको १५औं महाधिवेशनका क्रममा क्षति पुगेको काठमाडौंको ऐतिहासिक टुँडिखेलस्थित खुलामञ्चको हरियाली र सौन्दर्य फर्काउन दुबो रोपिएको हो । महाधिवेशनका क्रममा सवारीसाधनको आवतजावत, अस्थायी संरचना निर्माण र ठुलो संख्यामा मानिसको चहलपहलले बिग्रिएको दुबो पुनःरोपन तथा संरक्षण गर्न आइतबार पार्टीका नेता-कार्यकर्ता खुलामञ्चमा जुटेका हुन् । पार्टीले कार्यक्रमअघि सार्वजनिक स्थललाई प्रयोगपछि पुरानै अवस्थामा फर्काउने प्रतिबद्धता जनाएको थियो । सोही प्रतिबद्धताअनुसार क्षतिग्रस्त क्षेत्रमा नयाँ दुबो रोप्ने, माटो मिलाउने र हरियाली पुनर्स्थापना गर्ने काम सुरु गरेको हो ।

आइतबार कांग्रेसका केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य तथा स्थानीय नेता, कार्यकर्ता खुलामञ्च पुगेर दुबो रोप्ने काममा सहभागी भएका थिए । क्षति पुगेका स्थानमा चितवनबाट ल्याइएको दुबो रोपिएको कांग्रेस महानगरका सभापति इन्जिनियर सुशन वैद्यले जानकारी दिए ।

उनका अनुसार पछिल्लो एक महिनादेखि नियमित सिँचाइ, मलखाद र मर्मतसम्भारको काम पनि भइरहेको छ । सभापति वैद्यले महाधिवेशनका क्रममा भएको क्षतिलाई पार्टीले आफ्नो दायित्वका रूपमा लिएको बताए । कार्यक्रमअघि नै खुलामञ्च जुन अवस्थामा लिइएको हो, त्यही अवस्थामा फर्काएर हस्तान्तरण गर्ने प्रतिबद्धता गरिएको उनले स्मरण गरे ।

'महाधिवेशन स्थलका रूपमा हामीले खुल्लामञ्च प्रयोग गर्दा वर्षाका कारण अनुमान गरेभन्दा केही बढी क्षति भएको छ । दुई दिन परेको भारी वर्षा र हजारौं मानिसको आवतजावतका कारण दुबो बिग्रिएको हो । त्यसलाई पुरानै अवस्थामा फर्काउनु हाम्रो जिम्मेवारी हो,' उनले भने ।

उनले खुलामञ्च कुनै एउटा राजनीतिक दल, महानगरपालिका वा सरकारको मात्र नभई तीन करोड नेपालीको साझा सम्पत्ति भएको उल्लेख गर्दै यसको संरक्षण सबैको दायित्व भएको बताए । सार्वजनिक सम्पत्तिको संरक्षण राजनीतिक मुद्दा मात्र नभई राजनीतिक दलको नैतिक जिम्मेवारी पनि भएको उनको भनाइ छ । दुबो रोप्ने कार्यक्रममा पार्टीकी सहमहामन्त्री प्रतिमा गौतम, केन्द्रीय सदस्यहरु जनक चट्टौत, लेखनाथ पोखरेल, सीता मिजारलगायत पार्टीका नेता तथा कार्यकर्ता को सहभागिता थियो ।

सौराहामा हात्ती सफारी गर्नेको संख्या बढ्यो



चितवन/मस- सौराहामा हात्ती सफारी गर्ने पर्यटकको संख्या पछिल्लो समय बढिरहेको छ । एउटा हात्तीले दैनिक चार पटकसम्म पर्यटकलाई वन क्षेत्रमा घुमाउने गरेको छ । कोभिडपछि हात्ती चढ्न आउने पर्यटकको संख्या यस वर्ष बढी भएको पर्यटन व्यवसायीले जनाएका छन् ।

सौराहा आएका पर्यटक हात्ती चढेर बाघमारा, चित्रसेन र कुमरोज मध्यवर्ती सामुदायिक वन घुम्ने गर्दछन् । हात्तीबाट पर्यटकले दुर्लभ एक सिङ्गेगैंडा, पाटेबाघ जस्ता वन्यजन्तु हेरेर रमाउने गर्दछन् । युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडाले यस वर्ष एउटा हात्तीले दैनिक सरदर दुई पटक निकुञ्ज घुमाएको बताए । उनले भने, 'कोभिडपछि सबैभन्दा बढी हात्ती चढ्न आएका पर्यटकको संख्या यसै वर्ष हो ।'

चाडपर्वमा हुने बिदामा एकै दिन एउटा हात्तीले चार पटक पर्यटक घुमाउँदा पनि यहाँ आएका सबैले घुम्न नपाएका खतिवडाले बताए । पालो कुरेर पर्यटकले सफारी गरिरहेका उनको भनाइ छ । उनका अनुसार सहकारीअन्तर्गत २७ वटा हात्ती छन् ।

पछिल्लो समय हात्तीको संख्या घटेको बताउँदै सञ्चालन खतिवडाले सफारी गर्ने पर्यटक भने बढ्दै गएका जानकारी दिए । गत आर्थिक वर्षमा सरदर पर्यटक हात्ती चढेको संख्या एक दशमलव पाँच पटक भएको उनले जानकारी दिए । उनले भने, 'समग्रमा सौराहा आउने पर्यटक बढेकाले हात्ती सफारी गर्नेको संख्या पनि बढेको हो ।'

क्षेत्रीय होटल संघ चितवनका वरिष्ठ उपाध्यक्ष गुणराज थपलियाले करिब एक सातायता सौराहा विदेशी र आन्तरिक पर्यटकले भरिएको बताए । उनका अनुसार तिहारको लामो बिदा भएकाले आन्तरिक पर्यटकको संख्या पनि बढेको हो । उनले भने, 'एक सातायता कोठा खोज्नेहरू सबैलाई पुर्याउन सकिएको छैन ।' सौराहाका अधिकांश होटल भरिएका उनले जानकारी दिए ।

चाडपर्वको बिदामा विदेशबाट नेपाल आएकाहरू परिवारसहित पर्यटकीय गन्तव्यमा धेरै घुम्न जाने भएकाले आगन्तुकको संख्या बढेको संघका वरिष्ठ उपाध्यक्ष थपलियाले बताए । 'योसँगै नेपालमा रहेकाहरू पनि पारिवारिक घुमफिर गर्न रुचाउँछन् । यतिबेला यहाँको वातावरण रमाइलो भएकाले पर्यटक घुम्न आउन रुचाउँछन् । सफारी पर्यटकका लागि नेपालको महत्वपूर्ण गन्तव्यका रूपमा चितवन राष्ट्रिय निकुञ्ज र आसपासका मध्यवर्ती सामुदायिक वनलाई लिने गरिन्छ,' उनले भने ।

साउदी, युएई र साइप्रसमा वैदेशिक रोजगारीको अवसर

कम्पनी : KNOCK AND NEIGHBOR COMPANY — शहर: SAUDI ARABIA,DAMMAM
पूर्व स्वीकृत मितिः २०८३/०७/२६ — चलानी नं.: ६०२६३२८८ — L.T. No.: 349823

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	ASST. COOK (KITCHEN HELPER)	3	0	स. कामना दक्ष	1300	५२१३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी: ALSRAJ ALMASI TECHNICAL SERVICES LLC — शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८३/०७/२६ — चलानी नं.: ६०२६३३८४ — L.T. No.: 350289

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Arch. Labour	5	0	सम्बन्धित कामना दक्ष	1000	४०५८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Assistant Electrician	2	0		1500	६१४७०							

कम्पनी : DELTA RECRUITMENT L.L.C — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०१/०५ — चलानी नं.: ६०२४१२७१ — L.T. No.: 335395 — पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner General	50	0	सम्बन्धित कामना दक्ष	1000	४०५८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	assistant technician/telecommunication	70	0		1500	६१४७०							

कम्पनी: ANDRIA KYRIAKOU PRIVATE EMPLOYMENT — शहर: Cyprus,Limassol
पूर्व स्वीकृत मितिः २०८३/०६/१३ — चलानी नं.: ६०२६१७८४ — L.T. No.: 348578 — पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Domestic Worker	3	10	सम्बन्धित कामना दक्ष	400	६६५७२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Cleaner	8	4		500	८३२१५							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ७ गते (23 November 2026) मा हुनेछ ।

स्वदेशमा बस्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति तोक्ने	विदेशमा बस्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद थप्ने जीवन बिमा कस्ले व्यहोर्ने/कति तोक्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति तोक्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निशा शुल्क कस्ले व्यहोर्ने	निशा स्टाम्पपेपर शुल्क कस्ले व्यहोर्ने	अभिसूचीकरण शुल्क कति तोक्ने र कस्ले व्यहोर्ने	कार्यालय सञ्चालन खर्च	सेवा शुल्क कति तोक्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४४६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	बि:शुल्क

हेटौंडास्थित रोजगार बिमाबजार मरातपुरको जानकारी :- १. आफ्नो नाममा बिमा प्राप्त भईसके निश्चित भइसकेपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । २. आफ्नो काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु सोधना राख्नु होला । आफू बसिरहेमा यदा कदाचित केही समस्या परेमा सम्पर्क गर्न सजिलो हुन्छ । ३. बस विज्ञापन (मुखमा) मा उल्लेख भएको भन्दा बढी रकम कतिपनि माग्नुहुदैन । ४. विदेश जान अघि अनिवार्यरुपमा एक दुइजना तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नो जग्गा मुलुक, काम दिने कम्पनी, पाउने तलब तथा सुविधा र अन्य जानकार रहनेगरि घरेमा माग सम्पनीमा पठाना हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामना विदेश जाउ नेपालकै विमास्थलमा प्रवेश गर्नु होला, अन्यथा टिमले सम्भाना हुन्छ । ७. बस विज्ञापन सम्बन्धमा बाद बेही बुझपुचपरेमा वैदेशिक रोजगार विभाग, ताहाचालमा सम्पर्क गर्नु होला ।

High Quality Overseas Pvt.Ltd.
License No: 1269/074/75
Samakhushi, Town Planning, Kathmandu, Tel.: 01-4984853 | 4957168 | 9815127328 (Dilip Ranabhat),
Email: hiqualitynepal@gmail.com

युएईमा रोजगार

कम्पनी: PENTA GLOBAL ENGINEERING CONSTRUCTION COMPANY LLC शहर: UAE
पूर्व स्वीकृत मितिः २०८३/०६/२५ — चलानी नं.: ६०२६२४३८ — L.T. No.: 349408 — पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	CLEANERS/LABORS/HELPERS/ORDINARY LABOR	80	0	सम्बन्धित कामना दक्ष	1000	४०५८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	RIGGERS	60	0		1500	६१४७०							
3.	.SCAFFOLDER	60	0		1500	६१४७०							

अन्तर्वार्ता बीटीसीसी इन्टरनेशनल स्काफोल्डिङ सर्भिसेज प्रा.लि. सुनसरी इटहरीमा २०८३ मंसिर ७ गते (23 November 2026) मा हुनेछ ।
अन्तर्वार्ता नमस्ते जनप्रिय थकाली भान्छा घर एण्ड लज कास्की पोखरामा २०८३ मंसिर ८ गते (24 November 2026) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर शाखा कार्यालय चितवन भरतपुरमा २०८३ मंसिर ९ गते (25 November 2026) मा हुनेछ ।
अन्तर्वार्ता पी.एम. ट्रेनिङ सेन्टर धनुषा जनकपुरमा २०८३ मंसिर ११ गते (27 November 2026) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर १३ गते (29 November 2026) मा हुनेछ ।

स्वदेशमा बस्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति तोक्ने	विदेशमा बस्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद थप्ने जीवन बिमा कस्ले व्यहोर्ने/कति तोक्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति तोक्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निशा शुल्क कस्ले व्यहोर्ने	निशा स्टाम्पपेपर शुल्क कस्ले व्यहोर्ने	अभिसूचीकरण शुल्क कति तोक्ने र कस्ले व्यहोर्ने	कार्यालय सञ्चालन खर्च	सेवा शुल्क कति तोक्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४४६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	बि:शुल्क

हेटौंडास्थित रोजगार बिमाबजार मरातपुरको जानकारी :- १. आफ्नो नाममा बिमा प्राप्त भईसके निश्चित भइसकेपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । २. आफ्नो काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु सोधना राख्नु होला । आफू बसिरहेमा यदा कदाचित केही समस्या परेमा सम्पर्क गर्न सजिलो हुन्छ । ३. बस विज्ञापन (मुखमा) मा उल्लेख भएको भन्दा बढी रकम कतिपनि माग्नुहुदैन । ४. विदेश जान अघि अनिवार्यरुपमा एक दुइजना तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नो जग्गा मुलुक, काम दिने कम्पनी, पाउने तलब तथा सुविधा र अन्य जानकार रहनेगरि घरेमा माग सम्पनीमा पठाना हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामना विदेश जाउ नेपालकै विमास्थलमा प्रवेश गर्नु होला, अन्यथा टिमले सम्भाना हुन्छ । ७. बस विज्ञापन सम्बन्धमा बाद बेही बुझपुचपरेमा वैदेशिक रोजगार विभाग, ताहाचालमा सम्पर्क गर्नु होला ।

GLOBAL RECRUIT EXPERTS
STREAMLINING YOUR SUCCESS
Govt.Lic.No : 1701/081/082
Tara Hall, Sinamangal-09, Kathmandu, Bagmati Province, Nepal, Telephone: 977-01-5922562/3
Email : info@globalrecruitexperts.com, Contact No : 9805687865 (Tebisa)
Sunsari Contact Number : 9816002129 (Yam), 9801423759 (Krishna), Pokhara Contact Number : 9816418060 (Puja), 9812843469 (Minusha), 9717602992 (Kritika), Chitwan Contact Number : 9803777472 (Sujan), 9840353487 (Abina), Janakpur Contact Number : 9701610869 (Priti)

साउदीमा रोजगार

कम्पनी: Samar Nasser Al-Shuaibi Establishment — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८३/०७/२२ — चलानी नं.: ६०२६३३७६ — L.T. No.: 350128

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Tea/Coffee Servers	1	0	स. कामना दक्ष	1300	५२१३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८३ मंसिर ७ गते (23 November 2026) मा हुनेछ ।

स्वदेशमा बस्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति तोक्ने	विदेशमा बस्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद थप्ने जीवन बिमा कस्ले व्यहोर्ने/कति तोक्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति तोक्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निशा शुल्क कस्ले व्यहोर्ने	निशा स्टाम्पपेपर शुल्क कस्ले व्यहोर्ने	अभिसूचीकरण शुल्क कति तोक्ने र कस्ले व्यहोर्ने	कार्यालय सञ्चालन खर्च	सेवा शुल्क कति तोक्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४४६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	१०,०००/-

हेटौंडास्थित रोजगार बिमाबजार मरातपुरको जानकारी :- १. आफ्नो नाममा बिमा प्राप्त भईसके निश्चित भइसकेपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । २. आफ्नो काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु सोधना राख्नु होला ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

देश जोड्दै छठ

नेपाल विविध भाषा, धर्म, संस्कृति र परम्पराले बनेको देश हो । यही विविधताभित्र आपसी सम्मान, सहअस्तित्व र सद्भावको भावना बलियो बनाउनु राष्ट्रिय एकताको आधार हो । मधेशको मौलिक धार्मिक तथा सांस्कृतिक पहिचान बोकेको छठ पर्व अहिले देशका विभिन्न भूगोल र समुदायमा फैलिँदै जानु यसैको सुन्दर उदाहरण हो । कुनै समय तराई-मधेशमा सीमित छठ अहिले काठमाडौं उपत्यकादेखि पूर्वी पहाड, कर्णाली र सुदूरपश्चिमसम्म मनाउन थालिएको छ । रोजगारी, शिक्षा र अवसरको खोजीमा मधेशबाट पहाड तथा उपत्यकामा पुगेका परिवारले आफ्नो परम्परालाई नयाँ ठाउँमा निरन्तरता दिए । उनीहरूसँँगै छठ पनि नयाँ भूगोलमा पुग्यो । त्यसमा स्थानीय समुदायको सहभागिता थपिँदै जाँदा यो कुनै एउटा समुदायको मात्र नभई साझा सांस्कृतिक उत्सव बन्दै गएको छ ।

छठको सबैभन्दा सुन्दर पक्ष यसको खुलापन हो । यसमा जात, धर्म, वर्ग वा समुदायका आधारमा कसैलाई निषेध गरिएको छैन । पूजा गर्न पण्डित वा पुरोहित अनिवार्य छैनन् । सबैले समान रूपमा सहभागी हुन सक्ने यस पर्वले सामाजिक विभाजनभन्दा माथि उठेर एकै ठाउँमा भेला हुन प्रेरित गर्छ । मधेसी समुदायले जोगाउँदै आएको परम्परामा अन्य समुदायको बढ्दो सहभागिता सांस्कृतिक सहअस्तित्वको सकारात्मक अभ्यास हो ।

अस्ताउँदो र उदाउँदो दुवै सूर्यलाई अर्घ्य दिने परम्पराले छठलाई थप अर्थपूर्ण बनाएको छ । यसले उदाउँदो शक्तिको मात्र होइन, अस्ताउँदै गरेको अवस्थाको पनि सम्मान गर्न सिकाउँछ । जीवनको चक्रलाई स्वीकार गर्ने, प्रकृतिप्रति कृतज्ञ हुने र सूर्य, जल तथा पृथ्वीको महत्त्व बुझ्ने सन्देश यस पर्वमा निहित छ ।

छठको विस्तारसँँगै स्थानीय बजार, कृषि उत्पादन र परम्परागत हस्तकलाले पनि अवसर पाएका छन् । तर, नदी, पोखरी र जलाशयमा बढ्दो चापसँँगै सरसफाइ र संरक्षणमा ध्यान दिनु उत्तिकै आवश्यक छ । आस्थासँँगै सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने जिम्मेवारी पनि जोडिनुपर्छ । छठले दिएको सन्देश भनेको संस्कृति कुनै भूगोल वा समुदायको सीमाभित्र कैद हुँदैन भन्ने नै हो । आपसी सम्मान, सहभागिता र सद्भावले त्यसलाई साझा बनाउन सक्छ । छठले नेपालको विविधताभित्र एकता खोज्न र राष्ट्रिय सद्भाव बलियो बनाउन महत्त्वपूर्ण योगदान दिन सक्छ । किनभने, मधेशबाट सुरू भएर देशभर फैलिएको छठ पर्व नेपाली समाजको सांस्कृतिक एकताको प्रतीक बन्दै गएको छ । यसको विस्तारले भूगोल, जाति र समुदाय फरक भए पनि संस्कृति, सम्मान र सहभागिताले सबैलाई जोड्न सक्छन् भन्ने प्रमाणित गरेको छ । छठको यही साझा भाव राष्ट्रिय एकता र सामाजिक सद्भावको बलियो कडी बन्न सक्छ ।

स्वदेशको हितमा प्रवासको सीप

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिक उडिरहेका युवाको भिड केवल वैदेशिक रोजगारीको तथ्यांक होइन, स्वदेशमा खुम्चिँदै गएको भविष्यको संकेत पनि हो । रेमिट्यान्सले अर्थतन्त्र धाने पनि युवाको पलायनले परिवार, समाज र उत्पादन प्रणाली कमजोर बनाइरहेको छ । चुनौती युवालाई विदेश जानबाट रोक्नु होइन, आफ्नै देशमा भविष्य देख्ने वातावरण निर्माण गर्नु हो ।

अग्रलेख



● आरपी गैरे

केही दिनअघि एकजना भाइलाई विदेश पठाउन म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेको थिएँ । उनलाई बिदाइ गरेर फर्किने क्रममा प्रस्थान कक्षबाहिर केहीबेर उभिएर मानिसहरूको आवतजावत नियालिरहेँ । हातमा राहदानी, काँधमा झोला र गुड्ाइरहेको सुटकेस बोकेर युवाहरू विदेश उड्न लामबद्ध थिए । उनीहरूका आँखामा नयाँ जीवनको उत्साह र भविष्यका अनेक सपना देखिन्थे । तर बिदाइ गर्न आएका आमाबुबा, श्रीमान्-श्रीमती, छोराछोरी र आफन्तका अनुहारमा छुट्टिनुको पीडा प्रस्ट झल्किन्थ्यो । त्यो दृश्यले मनमा एउटा गम्भीर प्रश्न उब्जायो- आखिर आफ्नै देशमा भविष्य खोज्न नसकेर नेपाली युवा किन परदेसिन बाध्य भइरहेका छन् ?

विमानस्थलमा देखिने यो दृश्य हजारौं नेपाली परिवारको साझा कथा हो । कुनै समय विदेश जाने सोच निश्चित वर्ग र पेसाका मानिसमा सीमित थियो । अहिले माध्यमिक शिक्षा पूरा गरेपछि उच्च शिक्षाका लागि विदेश जाने, स्नातक सकेपछि रोजगारी खोज्दै बाहिरिने र देशमै केही गर्न चाहने युवासमेत अवसरको अभावमा पलायन हुने क्रम बढ्दो छ । विदेश जानु अब आर्थिक बाध्यता मात्र रहेन, सुरक्षित भविष्य खोज्ने विकल्पसमेत बनेको छ । यो प्रवृत्तिले मुलुकको आर्थिक, सामाजिक र राजनीतिक संरचनामाथि नै प्रश्न उठाएको छ ।



युवालाई विदेसिन बाध्य बनाउने मुख्य कारण स्वदेशमा अवसरको अभाव र भविष्यप्रतिको अनिश्चितता हो । पढाइ पूरा गरेपछि योग्यताअनुसारको काम नपाउनु, काम पाए पनि श्रमको उचित मूल्य नपाउनु र बढ्दो महँगीअनुसार आम्दानी नहुनुले उनीहरूमा निराशा बढाएको छ । त्यसमाथि क्षमता र योग्यताभन्दा पहुँच, चिनजान र भनसुनका आधारमा अवसर प्राप्त हुने प्रवृत्तिले युवाको विश्वास कमजोर बनाएको छ । उद्यम गर्न चाहनेका लागि पुँजी जुटाउन कठिन छ । व्यवसाय सुरु गरेपछि बजारको अनिश्चितता, प्रशासनिक झन्झट र नीतिगत अस्थिरतासँग जुध्नुपर्छ ।

यस्तो अवस्थामा आफ्नो सीप र श्रमको उचित मूल्य खोज्दै युवा विदेसिनुलाई अस्वाभाविक भन्न सकिँदैन । राजनीतिक परिवर्तनका अनेक चरण पार भए । सरकार फेरिए, नेतृत्व फेरियो र विकासका प्रतिबद्धता पनि पटकपटक दोहोरिए । तर युवाले आफ्नै देशमा भविष्य सुरक्षित देख्ने वातावरण बन्न सकेन । चुनावका बेला रोजगारी सिर्जना गर्ने, बिदेसिएका युवालाई फर्काउने र स्वदेशमै अवसर उपलब्ध गराउने आश्वासन बाँडिन्छ । सत्तामा पुगेपछि भने ती प्रतिबद्धता कार्यान्वयन गर्ने ठोस योजना र परिणाम देखिँदैनन् । युवालाई देशमै रोक्ने भाषणले मात्र उनीहरूको विश्वास फर्किँदैन । उनीहरूले आफ्नो योग्यता, क्षमता र श्रमको सम्मान हुने अवसर खोजिरहेका छन् ।

विदेशप्रतिको आकर्षणमा आर्थिक पक्षको भूमिका पनि महत्त्वपूर्ण छ । नेपालमा महिनौं काम गरेर कमाउन नसकिने रकम कतिपय देशमा केही महिनामै कमाउन सकिने सम्भावनाले युवालाई आकर्षित गर्छ । विदेशमा रहेका आफन्तले पठाएको पैसा, निर्माण भएका घर र सामाजिक सञ्जालमा देखिने सुविधासम्पन्न जीवनशैलीले विदेशप्रतिको मोह थप बढाएको छ । तर देखिने चमकदार जीवन नै सम्पूर्ण यथार्थ होइन । त्यसको पछाडि कठिन श्रम, प्रतिकूल कार्यपरिस्थिति, पारिवारिक विछोड, सामाजिक एक्लोपन र भविष्यको अनिश्चितता पनि लुकेको हुन्छ । कतिपय युवा ऋण लिएर विदेश पुग्छन् र सम्झौताअनुसार काम नपाउँदा समस्यामा पर्छन् । त्यसैले विदेश जानु नै सफलता र स्वदेशमा बस्नु असफलता हो भन्ने सामाजिक सोच बदलिन आवश्यक छ ।

विदेशमा रहेका नेपालीले पठाउने रेमिट्यान्सले नेपालको अर्थतन्त्रलाई ठुलो सहारा दिएको छ । लाखौं परिवारको दैनिक खर्च, बालबालिकाको शिक्षा, स्वास्थ्य उपचार र जीवनस्तर सुधारमा यसको योगदान छ । विदेशी मुद्रा सञ्चितिदेखि बजारमा वस्तु तथा सेवाको माग कायम राख्नेसम्म रेमिट्यान्सको भूमिका महत्त्वपूर्ण छ । तर अर्थतन्त्रको ठुलो आधार आफ्ना नागरिकले विदेशमा गरेको श्रमबाट प्राप्त आम्दानी बन्नु दीर्घकालीन रूपमा सुखद अवस्था होइन । रेमिट्यान्सले परिवारलाई आर्थिक राहत दिन्छ, तर त्यसले स्वतः उद्योग स्थापना गर्दैन, उत्पादन बढाउँदैन र पर्याप्त रोजगारी सिर्जना गर्दैन ।

त्यसैले रेमिट्यान्सलाई उत्पादन र लगानीसँग जोड्ने नीति आवश्यक छ । विदेशमा कमाएको रकम सुरक्षित रूपमा स्वदेशमा लगानी गर्ने वातावरण बनाउनुपर्छ । कृषि आधुनिकीकरण, पर्यटन, सूचना प्रविधि, साना तथा मझौला उद्योग र निर्यातमूलक व्यवसायमा लगानी प्रोत्साहित गर्नुपर्छ । विदेशबाट फर्किएका युवासँग पुँजी मात्र हुँदैन, उनीहरूसँग सीप, अनुशासन, प्रविधिको ज्ञान र फरक कार्यसंस्कृतिको अनुभव पनि हुन्छ । त्यसलाई राष्ट्रिय विकाससँग जोड्न सके वैदेशिक रोजगारीबाट प्राप्त अनुभव र स्रोत मुलुकका लागि सम्भावना बन्न सक्छ ।

युवाको निरन्तर बहिर्गमनले गाउँघरको सामाजिक संरचनामा पारेको प्रभाव अझ गम्भीर छ । धेरै गाउँमा घर छन्, तर घरमा बस्ने युवा छैनन् । खेतबारी बाँझिँदै छन्, खेती गर्ने जनशक्ति घट्दै गएको छ र विद्यालयमा विद्यार्थी संख्या कम हुँदै गएको छ । सामुदायिक काम र सांस्कृतिक परम्परामा युवाको सहभागिता कमजोर बन्दै गएको छ । वृद्ध आमाबुबा घरमा एक्लै छन् भने उनीहरूको सहारा बन्नुपर्ने छोराछोरी हजारौं किलोमिटर टाढा छन् ।

विदेशबाट पठाएको पैसाले औषधि किन्न र घरखर्च चलाउन सकिएला, तर बिरामी पर्दा सन्तानको साथ पाउन सकिँदैन । विदेशमा रहेका बाबुआमाले सन्तानको भविष्यका लागि पसिना बगाइरहेका हुन्छन् । तर उनीहरूको हर्काइ, खुसी र दुःखमा सहभागी हुन पाउँदैनन् । श्रीमान्-श्रीमती लामो समय अलग बस्नुपर्ने अवस्था पनि उत्तिकै पीडादायी हुन्छ । यसरी वैदेशिक रोजगारीले आर्थिक आवश्यकता पूरा गरे पनि परिवार र समाजमा सिर्जना गर्ने भावनात्मक रिक्तताको मूल्य कम छैन ।

नेपालले युवा जनशक्ति विदेश पठाउने र उनीहरूले पठाएको पैसामा अर्थतन्त्र चलाउने सोचबाट माथि उठ्नुपर्छ । जलविद्युत्, पर्यटन, कृषि, प्राकृतिक स्रोत र प्रविधिमा नेपालसँग पर्याप्त सम्भावना छन् । तर ती सम्भावनालाई आर्थिक उपलब्धिमा बदल्ने जनशक्ति नै देशबाहिर रहिरहने हो भने विकासका सपना कागजमै सीमित हुनेछन् । प्राकृतिक स्रोत भएर मात्र देश समृद्ध हुँदैन, त्यसको उपयोग गर्ने सीप, प्रविधि, पुँजी र जनशक्ति पनि आवश्यक हुन्छ ।

यसको अर्थ सबै युवा विदेश जानु हुँदैन भन्ने होइन । ज्ञान, सीप र अवसरको खोजीमा विदेश जानु नागरिकको अधिकार हो । समस्या विदेश जानुमा होइन, विदेश जानैपर्ने बाध्यतामा छ । अवसर र अनुभवका लागि विदेश जाने युवा र स्वदेशमा कुनै भविष्य नदेखेर पलायन हुन बाध्य हुने युवाबीच ठुलो अन्तर छ । राज्यको जिम्मेवारी युवालाई विदेश जानबाट रोक्नु होइन, उनीहरूलाई स्वदेशमै बस्न र विदेशबाट फर्केर आउन प्रेरित गर्ने वातावरण बनाउनु हो ।

विदेशमा रहेका नेपाली युवालाई राष्ट्रिय विकासको साझेदार बनाउन पनि सकिन्छ । उनीहरूले हासिल गरेको सीप, ज्ञान, प्रविधि र पुँजीलाई स्वदेशसँग जोड्ने स्पष्ट योजना आवश्यक छ । फर्केर व्यवसाय गर्न चाहने युवाले सहज ऋण, कर सहुलियत, बजारको पहुँच र प्रशासनिक सहयोग पाउनुपर्छ । विदेशमा रहेका नेपालीलाई पैसा पठाउने नागरिकका रूपमा मात्र होइन, देशको आर्थिक रूपान्तरणमा योगदान दिन सक्ने जनशक्तिका रूपमा हेर्नुपर्छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिरिने प्रत्येक युवाले परिवारको अपेक्षा, ऋणको भार, भविष्यको सपना र देशप्रतिको अधुरो विश्वास बोकेको हुन्छ । उनीहरूलाई बिदाइ गर्ने आमाबुबाको अनुहारमा देखिने मुस्कानभित्र लुकेको पीडा राज्यले बुझ्न सक्नुपर्छ । विमानस्थलबाट युवाको भिड बढिरहेको देखेर रेमिट्यान्स बढेकोमा खुसी मनाउनु मात्र पर्याप्त छैन । त्यो भिड किन बढिरहेको छ र यसलाई कसरी घटाउन सकिन्छ भन्ने प्रश्नको जवाफ खोज्नु आजको आवश्यकता हो ।

कुनै दिन विमानस्थलको दृश्य फेरियोस् । विदेश जाने युवाको लामसँगै अध्ययन, श्रम र अनुभव हासिल गरेर स्वदेश फर्किने युवाको संख्या पनि बढोस् । फर्किएका युवाले आफ्नै देशमा सीप प्रयोग गर्न, उद्यम सुरु गर्न र सम्मानजनक जीवन बिताउन सकून् । विदेशमा सिकेको ज्ञान र कमाएको पुँजीले यहीं रोजगारी सिर्जना गर्ने वातावरण बनोस् । देशको समृद्धि बिदेसिएका युवाले पठाएको रेमिट्यान्सको आकारले मात्र मापन हुँदैन । आफ्नै देशमा कति युवाले भविष्य देख्न सके भन्ने कुराले समृद्धिको वास्तविक अवस्था देखाउँछ ।

(गैरे लेखक तथा पत्रकार हुन् ।)

सेयरधनीका नाममा चलखेल

लगानी



● नरेन्द्रमान श्रेष्ठ

कम्पनीका वार्षिक साधारणसभामा नक्कली सेयरधनी, सीमित वक्ताको हालीमुहाली र भत्ताको चलखेल बढेको भन्दै प्रश्न उठ्न थालेका छन् । परिचयपत्रबिनै अरूको नाममा उपस्थित हुनेदेखि पूर्वतयारीका लागि प्रि-एजिएम गर्ने प्रवृत्तिले साधारणसभाको पारदर्शिता र औचित्यमाथि नै प्रश्न खडा गरेको छ ।



सूचीकृत कम्पनीका वार्षिक साधारणसभा पछिल्लो समय सेयरधनीको उपस्थिति, भाषण र लाभांश वितरणको औपचारिकतामा मात्र सीमित हुन थालेका छन् । सभामा नक्कली सेयरधनीको उपस्थिति, सीमित व्यक्तिको बारम्बारको भाषण र भत्ताको लेनदेनबारे प्रश्न उठ्न थालेका छन् । अरूको नाम र डिम्याट खाताको विवरण प्रयोग गरेर सभामा उपस्थित हुने प्रवृत्ति बढेको क्यापिटलका कर्मचारी तथा सरोकारवालाको भनाइ छ ।

कतिपय व्यक्ति एउटै सभामा तीन-चारपटकसम्म हाजिर गर्न आउने र एकै व्यक्तिले अरूका नाममा समेत उपस्थिति जनाउन खोज्ने गरेको बताइन्छ । त्यसो गर्न नदिँदा विवादसमेत हुने गरेको जानकारहरूको भनाइ छ । यस्तो प्रवृत्तिले साधारणसभाको वास्तविक उपस्थिति र सहभागितामाथि प्रश्न उठाएको छ ।

साधारणसभामा आउने सेयरधनी पनि विभिन्न प्रकृतिका हुने गरेका छन् । ठुला लगानीकर्ता, थोरै कित्ता सेयर भएका साना लगानीकर्ता, कम्पनीबाट भत्ता लिएर बोल्ने र सभामा उपलब्ध खाजा झोलामा बोकेर फर्किनेहरूलाई व्यंग्यात्मक रूपमा 'भत्तावाल' र 'झोलावाल' सेयरधनी भन्ने गरिन्छ । कतिपयले त यस्ता सभामा वास्तविक सेयरधनी नभई अरूकै नाममा उपस्थित हुने व्यक्तिसमेत रहेको दाबी गर्छन् ।

यस्ता गतिविधि नियन्त्रण गर्न साधारणसभामा सहभागी हुने प्रत्येक सेयरधनीको परिचयपत्र अनिवार्य जाँच गर्नुपर्ने माग उठेको छ । परिचय खुल्ने कागजात लिएर आउनुपर्ने व्यवस्था भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । अब परिचयपत्र हेरेर मात्र उपस्थिति जनाउने व्यवस्था कडाइका साथ लागू गर्नुपर्ने सेयरधनीहरूको सुझाव छ ।

वार्षिक साधारणसभा कम्पनीको आर्थिक वर्षभरिका गतिविधि समीक्षा गर्ने र आगामी योजनामाथि छलफल गरी निर्णय गर्ने महत्त्वपूर्ण मञ्च हो । कम्पनीले वार्षिक प्रतिवेदन, वित्तीय विवरण, लाभांश वितरण र भावी योजनासम्बन्धी प्रस्ताव सभामा प्रस्तुत गर्छ । ती प्रस्ताव सेयरधनीबाट पारित भएपछि मात्र कार्यान्वयनको प्रक्रिया अघि बढ्छ । त्यसैले साधारणसभा कम्पनीको जवाफदेहिता र सेयरधनीको अधिकार सुनिश्चित गर्ने महत्त्वपूर्ण अवसर हो ।तर सभामा बोल्ने वक्ताको सीमित समूह र उनीहरूलाई दिइने भत्ताबारे पनि चर्चा हुने गरेको छ । जानकारहरूका अनुसार केही कम्पनीले साधारणसभामा बोल्ने व्यक्तिलाई दुई हजार ५०० देखि सात हजार रुपैयाँसम्म दिने गरेका छन् । कम्पनीका वार्षिकोत्सव तथा अन्य कार्यक्रममा पनि तिनै परिचित वक्तालाई प्राथमिकता दिने गरिएको आरोप लाग्ने गरेको छ ।

पछिल्लो समय साधारणसभामा महिला सेयरधनी र नयाँ वक्ताको सहभागिता बढ्नु भने सकारात्मक पक्ष हो । तर कम्पनीको तर्फबाट भत्ता लिएर बोल्ने र सीमित व्यक्तिले मात्र सभामा आफ्नो प्रभाव जमाउने प्रवृत्तिले आमसेयरधनीको आवाज ओझेलमा पर्न सक्ने जोखिम छ ।

प्रि-एजिएमको औचित्य के ?

कतिपय बैंक तथा वित्तीय संस्थाले वार्षिक साधारणसभाअघि 'प्रि-एजिएम' अर्थात् पूर्वसाधारणसभा गर्ने गरेका छन् । कम्पनीहरूको दाबीमा यस्तो कार्यक्रम सेयरधनीसँग अन्तर्क्रिया गर्ने र कम्पनीका प्रस्तावबारे छलफल गर्ने उद्देश्यले आयोजना गरिन्छ । तर यस्ता कार्यक्रममा सीमित र परिचित वक्तालाई मात्र बोलाउने गरिएको भन्दै प्रश्न उठ्ने गरेको छ ।

साधारणसभामै कम्पनीको प्रतिवेदन, कामकारबाही र प्रस्तावमाथि छलफल गर्न सकिने अवस्थामा छुट्टै पूर्वबैठक किन आवश्यक पऱ्यो भन्ने जिज्ञासा आमसेयरधनीमा छ । सबै इच्छुक सेयरधनीलाई सहभागी नगराई केही व्यक्तिलाई मात्र बोलाउनुको औचित्य के हो भन्ने प्रश्न पनि उठेको छ ।

कतिपय कम्पनीले प्रि-एजिएममा सहभागी हुने व्यक्तिलाई यातायात खर्चसमेत उपलब्ध गराउने गरेका छन् । साधारणसभामा बोल्ने निश्चित व्यक्तिलाई पूर्वतयारीका लागि बोलाउने र कम्पनीका प्रस्तावबारे उनीहरूसँग छलफल गर्ने गरिएको आरोपसमेत लाग्ने गरेको छ । यस्तो अभ्यासले कम्पनीले आलोचनात्मक आवाजलाई प्रभावित पार्न खोजेको आशंका जन्माउन सक्छ ।

साधारणसभामा बोल्ने सेयरधनीले समग्र लगानीकर्ताको प्रतिनिधित्व गर्ने हो भने उनीहरूले आमसेयरधनीका समस्या र सुझावसमेत समेट्नुपर्ने हुन्छ । तर सभामा उपस्थित अन्य सेयरधनीसँग छलफल नगरी आफ्नै ढंगले धारणा राख्ने प्रवृत्ति रहेको गुनासो सुनिन्छ । एउटै व्यक्तिले हरेक सभामा बोलिरहने र आमलगानीकर्ताका मुद्दा ओझेलमा पर्ने अवस्था अन्त्य हुनुपर्ने माग पनि उठिरहेको छ । कम्पनीका गतिविधिमाथि प्रश्न उठाउने, प्रतिवेदनको समीक्षा गर्ने र व्यवस्थापनलाई जवाफदेही बनाउने अधिकार प्रत्येक सेयरधनीको हो । त्यसैले साधारणसभा सीमित वक्ताको मञ्च बन्नु हुँदैन । कम्पनीहरूले परिचयपत्र जाँच, पारदर्शी उपस्थिति र सबै सेयरधनीलाई समान अवसर दिने व्यवस्था गर्नुपर्छ । प्रि-एजिएमको उद्देश्य र त्यसमा हुने खर्चसमेत पारदर्शी बनाउन आवश्यक छ ।

साधारणसभाको गरिमा भाषण गर्ने व्यक्तिको संख्या वा उनीहरूले पाउने भत्ताले होइन, त्यहाँ उठ्ने प्रश्न, हुने छलफल र कम्पनीलाई जवाफदेही बनाउने निर्णयले निर्धारण गर्छ । यसतर्फ कम्पनी र नियामक दुवैको ध्यान जान जरुरी छ ।

इतिहासको पाना

● रतन भण्डारी

बिपीलाई अपदस्त गरेर दाइ र बहिनीज्वाइँलाई राजदूत

मातृकाप्रसाद र बिपी कोइरालाका बहिनीज्वाइँ कालीप्रसाद उपाध्यायलाई राजा महेन्द्रले २०१८ सालमा बेलायतका लागि राजदूत नियुक्त गरेका थिए । उनी कोइराला परिवारसँग वैवाहिक सम्बन्धमा जोडिएका व्यक्ति मात्र थिएनन्, नेपालको न्यायिक र कूटनीतिक इतिहाससँग पनि सम्बन्धित थिए ।

कालीप्रसाद उपाध्याय खासमा तनहुँका पौडेल हुन् । इतिहासकार अम्बिकाप्रसाद उपाध्यायका लेखनअनुसार उनका पुर्खा तनहुँका सेन राजाहरूसँगै भारतको रामनगर पुगेका थिए । तनहुँ राज्य नेपालमा गाभिएपछि सेन राजासँगै गएका पौडेल परिवारका सदस्यहरू रामनगरमा राज्य व्यवस्थापनमा संलग्न भए । पछि उनीहरूले शर्मा र त्यसपछि उपाध्याय लेख्न थाले । कालीप्रसादका दाजु अम्बिकाप्रसाद उपाध्याय इतिहासकार तथा पटना हाईकोर्टका वकिल थिए । नेपाली भाषामा नेपालको इतिहास लेख्ने पहिलो व्यक्तिका रूपमा चिनिएका अम्बिकाप्रसादको चर्चित कृति 'नेपालको इतिहास र रामनगरको इतिहास' हो ।

कानुन अध्ययन गरेका कालीप्रसाद भारतमा वकालत गर्थे । पछि नेपाल फर्किएर उनको विवाह मातृकाप्रसाद कोइरालाकी बहिनी नलिनीसँग भयो । २००८ साल पुस ८ गते उनी महान्यायाधिवक्ता नियुक्त भए । २०१७ सालमा बिपी कोइराला नेतृत्वको सरकार अपदस्थ भएपछि राजा महेन्द्रले २०१८ सालमा मातृकाप्रसादलाई अमेरिकाका लागि र कालीप्रसादलाई बेलायतका लागि राजदूत नियुक्त गरेका थिए ।

कालीप्रसाद र नलिनीका छोरा शैल उपाध्याय संयुक्त राष्ट्रसंघमा लामो समय काम गरेका कूटनीतिज्ञ थिए । उनी न्युयोर्कको फेसन जगतमा पनि फरक पहिरन शैलीका कारण चर्चित थिए । सन् १९८९ को पामेला बोर्डेस प्रकरणमा उनको नाम अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा आएको थियो । उनले पामेलाको परिचय भारतीय धर्मगुरु चन्द्रास्वामीसँग गराएका थिए । पामेलाको अन्तर्राष्ट्रिय सम्पर्कबारे बेलायती सञ्चारमाध्यमले अनुसन्धान गर्दा शैलको निवासमा खिचिएको एउटा तस्विरसमेत सार्वजनिक भएको थियो ।



शैल उपाध्यायलाई पूर्वपरराष्ट्रमन्त्री शैलेन्द्रकुमार उपाध्यायसँग झुक्किनु हुँदैन । उनी सन् १९६१ देखि संयुक्त राष्ट्रसंघमा कार्यरत थिए । सन् २०१३ मा ७७ वर्षको उमेरमा न्युयोर्कमा उनको निधन भयो ।

कालीप्रसादको परिवारको कोइराला परिवारसँगको नाता पनि विस्तृत छ । उनकी नातेदार सुष्मा उपाध्यायको विवाह बिपीका जेठा छोरा प्रकाश कोइरालासँग भएको थियो । उनीहरूकी छोरी अभिनेत्री मनीषा कोइराला हुन् । यही पारिवारिक सम्बन्धले उपाध्याय परिवारलाई नेपालको राजनीतिक, साहित्यिक र सांस्कृतिक इतिहासका विभिन्न पात्रसँग जोडेको देखिन्छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com **मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.**

‘जलवायु अनुकूलनका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन गर्दै छौं’



काठमाडौं/मस– शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न भौतिक पूर्वाधारको पुनःसंरचनासँगै विद्यालय तहको पाठ्यक्रममै जलवायु शिक्षालाई अनिवार्य रूपमा समावेश गर्ने प्रक्रिया अघि बढाइएको बताएका छन्।

टर्कीको अन्तालयामा आयोजित जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन (कोप-३१) अन्तर्गत ‘एन्टाल्या कार्ययोजना प्रोटोकल : हरित शिक्षाको केन्द्रमा बालबालिका, युवा र शिक्षकहरू’ विषयक उच्चस्तरीय मन्त्रीस्तरीय उद्घाटनसत्रको समूहगत छलफलमा सहभागी हुँदै मन्त्री पोखरेलले नेपालले शिक्षा प्रणालीमार्फत जलवायु अनुकूलनको दीर्घकालीन आधार तयार पारिरहेको जानकारी दिएका हुन्।

छलफलका क्रममा मन्त्री पोखरेलले जलवायु संकटका कारण शैक्षिक क्षेत्र दोहोरो मारमा परेको विश्लेषण प्रस्तुत गरेको शिक्षामन्त्रीको सचिवालयले जनाएको छ। एकातर्फ हिमालमा हिमताल विस्फोट, पहाडमा पहिरो तथा तराईमा बाढी र अत्यधिक तापक्रम (हिट वेभ)का कारण पठनपाठन अवरुद्ध भइरहेको छ भने अर्कातर्फ विगतमा विपद् जोखिम मूल्यांकन नगरी बनाइएका भौतिक संरचना असुरक्षित बनेको उनले उल्लेख गरे। केही महिनाअघि नेपालमा नदीको सतह सामान्य उचाइभन्दा निकै माथिसम्म पुगी केही सेकेन्डभित्रै बस्तीसहित विद्यालय भवनमा क्षति पुगेको उदाहरण दिँदै उनले अब यी कुराहरूको मूल्यांकनमा आधारित पूर्वाधार विकास अपरिहार्य भएको बताए।

यसै सन्दर्भमा काठमाडौं महानगरपालिकाका ९० वटा विद्यालयमा गरिएको सफल परीक्षण (पाइलट प्रोजेक्ट)को सिकाइका आधारमा हाल देशभरका करिब २७ हजार सामुदायिक विद्यालयको भौतिक संरचना, विपद् जोखिम र राष्ट्रिय भवन संहिताअनुसार न्यूनतम ६० प्रतिशत खुला क्षेत्र भए/नभएको विस्तृत अध्ययन भइरहेको उनले जानकारी दिए।

उक्त अध्ययनपछि बन्ने गुरुयोजना (मास्टर प्लान)ले सुरक्षित विद्यालय निर्माण गर्नुका साथै राज्यको स्रोतसाधनको दिगो व्यवस्थापन गर्ने उनको भनाइ थियो। जलवायु परिवर्तनको दीर्घकालीन प्रभावबाट विश्वका कुनै पनि सभ्यता अछुतो नरहने भएकाले वैचारिक विभाजनभन्दा माथि उठेर शैक्षिक र वैज्ञानिक सहकार्यमार्फत विश्व समुदाय एकजुट हुनुपर्नेमा उनले जोड दिएको उनको सचिवालयले जनाएको छ।

अछाम समाज जापानको अध्यक्षमा गणेश जैशी निर्विरोध



टोकियो/मस– अछाम समाज जापानको प्रथम अधिवेशन शनिबार टोकियोमा सम्पन्न भएको छ। अधिवेशनबाट समाजको अध्यक्षमा गणेश जैशी निर्विरोध निर्वाचित भएका छन्।

जैशीको अध्यक्षतामा २५ सदस्यीय कार्यसमिति गठन गरिएको छ। कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा आदित्य ढकाल सर्वसम्मत चयन भएका छन् भने उपाध्यक्षमा चेतमान रावल र महिला उपाध्यक्षमा लक्ष्मी श्रेष्ठ कुँवर चयन भएका छन्। महासचिवमा छत्र बिष्ट चयन भएका छन्। सचिवमा तपेश्वरी ढुंगाना र देवेन्द्र अधिकारी चयन भएका छन्। कोषाध्यक्षमा पद्मा भण्डारी र सहकोषाध्यक्षमा भरत कुँवर चयन भएका छन्।

कार्यसिमिति सदस्यमा सागर रिमाल, सीता गुरुङ, जनक बिष्ट, अर्जुन बिष्ट, शिशिर कुँवर, रमेश कुँवर, रुपक कुँवर, दिपक सोडारी, प्रदीप कठायत र राजेश सुनार चयन भएका छन्।

बाँकी सदस्य तथा अन्य केही पदमा अध्यक्षले मनोनीत गर्ने निर्वाचन समितिका संयोजक टक्कर कुँवरले जानकारी दिए।

नवनिर्वाचित अध्यक्ष जैशीले जापानमा विभिन्न पेसा व्यवसायमा आवद्ध अछामीहरूलाई एकताबद्ध बनाउँदै आपसी सहयोग र सद्भावलाई अझ मजबुत बनाउने प्रतिबद्धता व्यक्त गरे।

निर्वाचन समितिका संयोजक कुँवरले नवनिर्वाचित पदाधिकारीलाई शपथ तथा प्रमाणपत्र हस्तान्तरण गरेका थिए। कार्यक्रमको अध्यक्षता अछाम समाज जापानका संस्थापक अध्यक्ष तथा प्रथम अधिवेशन मुल आयोजक समितिका संयोजक लोकेन्द्र जंग कुँवरले गरेका थिए।

सोही अवसरमा शुभ दीपावलीको शुभकामना आदानप्रदान गर्नुका साथै विभिन्न सांस्कृतिक प्रस्तुतिहरू पनि प्रस्तुत गरिएको थियो। सुदूरपश्चिम तथा अछामको कला संस्कृति झल्किने देउडा खेल, देउसी भैलो लगायतका विभिन्न नृत्य तथा गीत संगीतले कार्यक्रमको माहोलमा रौनकता थपेको थियो।

कार्यक्रमका प्रमुख अतिथि पत्रकार महासंघ जापानका पूर्वउपाध्यक्ष तथा सुदूरपश्चिमेली नेपाली समाज जापानका पूर्वअध्यक्ष पूर्ण चलाउनेले समाजले जापानमा रहेका सबै अछामीलाई जोड्दै अछाम समाज रचनात्मक र सक्रिय हुनुपर्ने सुझाव दिएका थिए।

कार्यक्रममा सुदूरपश्चिमेली नेपाली समाज जापानका वरिष्ठ उपाध्यक्ष ईश्वर खड्का, पत्रकार महासंघ जापानका पूर्वउपाध्यक्ष पूर्ण चलाउने, सुदूरपश्चिमेली नेपाली समाज जापानका कोषाध्यक्ष नरेश भण्डारी, सामाजिक व्यक्तित्व धनराज उपाध्याय, वीरेन्द्र रावल, अमित बिष्ट, रविन्द्र रावल, कमल बोगटीलगायतले शुभकामना मन्तव्य राखेका थिए।

सुदूरपश्चिमेली समाजका पूर्वमहासचिव दिनेश अधिकारीले सञ्चालन गरेको कार्यक्रममा विभिन्न व्यक्तित्वका साथै अछामीहरुको उल्लेख्य सहभागिता रहेको थियो।

लामिछाने दम्पतीद्वारा विद्यालयलाई ५ लाख ५५ हजार ५५५ सहयोग



काठमाडौं/मस- व्यवसायी तथा इन्जिनियर कुमार लामिछाने दम्पतीले गोरखाको सिरानचोक गाउँपालिका वडा नं. ६ मा रहेको संसारी महेन्द्र माध्यमिक विद्यालयलाई आइतबार ५ लाख ५५ हजार ५५५ रुपैयाँ आर्थिक सहयोग प्रदान गरेका छन्।

इन्जिनियर लामिछाने र उनकी धर्मपत्नी लामिछानेले विद्यालयको ६५औं वार्षिकोत्सव तथा हीरक महोत्सवका अवसरमा विद्यालयको शैक्षिक, भौतिक तथा संस्थागत विकासका लागि ५ लाख ५५ हजार ५५५ रुपैयाँ आर्थिक सहयोग प्रदान गरेका हुन्।

सोही विद्यालयका पूर्वविद्यार्थी लामिछानेले आफूले शिक्षा हासिल गरेको विद्यालयको विकास र उन्नयनमा योगदान पुऱ्याउने उद्देश्यले सहयोग गरेका हुन्।

‘मैले अध्ययन गरेको विद्यालयप्रतिको माया, गुरुजनप्रतिको सम्मान र नयाँ पुस्ताको शैक्षिक भविष्यप्रतिको जिम्मेवारीबोधका साथ आर्थिक सहयोग गरेको हुँ,’ इन्जिनियर लामिछानेले भने। इन्जिनियर लामिछाने आफ्नो ब्याचका उत्कृष्ट विद्यार्थीसमेत हुन्।

सिरानचोक गाउँपालिका वडा नं ६, विद्यालय व्यवस्थापन समिति तथा समग्र विद्यालय परिवारले लामिछानेप्रति हार्दिक आभार व्यक्त गर्दै उनको सहयोगले विद्यालयको शैक्षिक तथा संस्थागत विकासमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेका छन्।

विद्यालयको इतिहास, गौरव र उज्ज्वल भविष्य निर्माणका लागि पूर्वविद्यार्थीबाट प्राप्त यस्तो सहयोगले अन्य पूर्वविद्यार्थी तथा समाजसेवीलाई पनि आफ्नो विद्यालयप्रति योगदान गर्न प्रेरित गर्ने विद्यालयको अपेक्षा छ।

मुगुमा जिप दुर्घटना तीनजनाको मृत्यु



मुगु/मस- मुगुमा जिप दुर्घटना हुँदा आज तीनजनाको मृत्यु भएको छ। दुर्घटनामा दुईजना घाइते भएका छन्। काठमाडौंबाट मुगुको रारा आउँदै गरेको बागमती प्रदेशको बा १७ च १८६४ नम्बरको जिप छायाँनाथ रारा नगरपालिका-७, टोप्लास्थित जिमाकाँरा भीरबाट ६०० मिटर तल खसेको हो।

जिल्ला प्रहरी कार्यालय मुगुका प्रहरी नायब उपरीक्षक रविराज थपलियाका अनुसार जिपमा सवार पाँचजनामध्ये काठमाडौंको कलंकी बस्ने ५० वर्षीय विजय बस्नेत, ५४ वर्षीय रमेश पिडारी र ५० वर्षीय पूर्णकुमार थापाको मृत्यु भएको हो।

सो दुर्घटनामा परी जिपचालक ललितपुरका ५८ वर्षीय कञ्चन थापा र सोही ठाउँकी ५४ वर्षीया अञ्जु थापा घाइते भएका छन्। दुवैजनाको जिल्ला अस्पतालमा उपचार भइरहेको प्रहरी नायब उपरीक्षक रविराज थपलियाले बताए।

साउदी र युएईमा रोजगार कम्पनी : **EWAN HUMAN RESOURCES COMPANY** शहर : **SAUDI**
पूर्व स्वीकृत मिति: २०८३/०४/२७ चलानी नं.: ६०२४५७२८ L.T. No.: 346487 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Waiter	14	0	स. कामना दक्ष	1200	४८१२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

कम्पनी: **MARINA FACILITIES MANAGEMENT LLC** शहर: **ABU DHABI**
पूर्व स्वीकृत मिति: २०८२/०६/३० चलानी नं.: ६०२४६१७५ L.T. No.: 332512 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner General	140	0	स. कामना दक्ष	1000	४०५८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

कम्पनी: **MUNNA SAH ELECTROMECHANICAL CONT** शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८२/०२/२१ चलानी नं.: ६०२३५२०१ L.T. No.: 325224 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Gypsum Carpenters	50	0	सम्बन्धित कामना दक्ष	1200	४५१७६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Masion	42	0		1200	४५१७६							
3.	Steel Fixer/Barbender	44	0		1200	४५१७६							
4.	Suttering Carpenter	21	0		1200	४५१७६							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ७ गते (23 November 2026) मा हुनेछ ।

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति तोक्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद् जीवन बिमा कस्ले व्यहोर्ने/कति तोक्ने	रोजगारदाता बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति तोक्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कस्ले व्यहोर्ने	भिसा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तोक्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तोक्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार बिमासम्बन्ध भराइपछाडी जानकारी :– १. आफ्नो नाममा बिमा प्रमाण भईसके निजिबाट भएपछि मात्र कम्पनीमा मई रकम बुझाउनु होला। २. आफ्नु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु सोधमा राख्नु होला। ३. आफु कहिलेसम्म यहाँ सम्पर्क गर्न सकिने हुन्छ। ४. यस विज्ञापन (पुकारा) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगिनुहोला। ५. विदेश जान प्रति अभिमुखीकरण वा ड्राइभलाग तालिम अनिवार्य लिनुपर्ने छ। ६. विदेश जान प्रति आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रजाकोमि पछेर मात्र सम्पनीमा पठाना हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ७. कानुनमा विदेश जाउँदा नेपालकै विमालेखापत्र प्रयोग गर्नु होला, अन्यथा दर्तिमै सम्भाना हुन्छ। ८. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, साधारणसभा सम्पर्क गर्नु होला।

S.P.M. OVERSEAS PVT.LTD. Gov. Lic No. 817/066/067
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795, Contact No : 9843250196 (Menuka Shah)
Email: Spmoverseas@gmail.com, Web.: www.spmoverseas.com.np

साउदीमा रोजगार कम्पनी: **Shams AL Jubail Establishment For General Contracting** शहर: **SAUDI**
पूर्व स्वीकृत मिति: २०८३/०७/२१ चलानी नं.: ६०२६३३६२ L.T. No.: 350137

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	CONSTRUCTION WORKER /LABOUR	18	0	सम्बन्धित कामना दक्ष	1000	४०१००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	DRIVER TRUCK	2	0		2000	८०२००							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ७ गते (23 November 2026) मा हुनेछ ।

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति तोक्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद् जीवन बिमा कस्ले व्यहोर्ने/कति तोक्ने	रोजगारदाता बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति तोक्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कस्ले व्यहोर्ने	भिसा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तोक्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तोक्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	रु. १०,००० कामदारले

Govt. License No.: 1153/073/074
TEAMPRO H.R. Services Pvt Ltd
P.O. Box:19845 | Halesi Marg, Mandikatar, Budhanilkantha -8, Kathmandu
Phone: 01-4372222, Dhurba khatri Contact no : 9851005822, E-mail: teamprohrs@gmail.com

ओमन र कतारमा रोजगार कम्पनी: **MUSCAT MARKETS FOR INVESTMENT L.L.C** शहर: **OMAN**
पूर्व स्वीकृत मिति: २०८२/११/१७ चलानी नं.: ६०२५३२०८ L.T. No.: 339665 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब OR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Arabic Coffee Maker	6	7	सम्बन्धित कामना दक्ष	150	५८६३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Chocolate Maker	5	0		150	५८६३०							

कम्पनी: **X FIRE RESTAURANT** शहर: **DOHA**
पूर्व स्वीकृत मिति: २०८२/०५/१८ चलानी नं.:६०२५००५२ L.T. No.: 336520 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Waiter	0	3	सम्बन्धित कामना दक्ष	1800	७४३२२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Assistant Chef (Asst. Cook)	2	2		1800	७४३२२							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ७ गते (23 November 2026) मा हुनेछ ।

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति तोक्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद् जीवन बिमा कस्ले व्यहोर्ने/कति तोक्ने	रोजगारदाता बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति तोक्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कस्ले व्यहोर्ने	भिसा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तोक्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तोक्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	नि:शुल्क

PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD. Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, 9808735410(KIRAN)
Email:- info@employmentprince.com.np, website: www.employmentprince.com.np.

साइप्रसमा रोजगार कम्पनी: **ANSOT EMPLOYMENT SERVICES LIMITED** शहर : **AYIA NAPA**
पूर्व स्वीकृत मिति: २०८३/०७/२० चलानी नं.: ६०२६३३४२ L.T. No.: 350046

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	waiter	25	0	स. कामना दक्ष	1183	१६६८८६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

कम्पनी: **ANSOT EMPLOYMENT SERVICES LIMITED** शहर : **AYIA NAPA**
पूर्व स्वीकृत मिति: २०८३/०७/२३ चलानी नं.: ६०२६३३४० L.T. No.: 350162

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	LABOUR	25	0	स. कामना दक्ष	700	९१६५०१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

कम्पनी: **ANSOT EMPLOYMENT SERVICES LIMITED** शहर : **AYIA NAPA**
पूर्व स्वीकृत मिति: २०८३/०७/२३ चलानी नं.: ६०२६३३४१ L.T. No.: 350161

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	HOUSEKEEPING	0	25	स. कामना दक्ष	970	९६१४३७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ७ गते (23 November 2026) मा हुनेछ ।

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति तोक्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद् जीवन बिमा कस्ले व्यहोर्ने/कति तोक्ने	रोजगारदाता बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति तोक्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कस्ले व्यहोर्ने	भिसा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तोक्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तोक्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	रु. १०,००० कामदारले

मिराकल म्यानपावर प्रा. लि. श्रम इजाजत पत्र नं.: १२२३/०७४/०७५
पो.ब.नं.: ४७२, सामाखुशी-२६, काठमाडौं, फोन: ४५५१००३, Email: manpowermiracle33@gmail.com
Web.: manpowermiracle.com
Contact No : +977 9709127233, 9843583983

युएईमा रोजगार कम्पनी : **KHIDMAH- SOLE PROPRIETORSHIP L.L.C. UAE** शहर : **UAE**
पूर्व स्वीकृत मिति:२०८३/०७/१७ चलानी नं.: ६०२६३०२१ L.T. No.:350188

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners (Male)	50	0	सम्बन्धित कामना दक्ष	1000	४०५८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Cleaners (Ladies)	0	138		1000	४०५८०							

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८३ मंसिर १ गते (17 November 2026) मा हुनेछ ।

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति तोक्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद् जीवन बिमा कस्ले व्यहोर्ने/कति तोक्ने	रोजगारदाता बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति तोक्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कस्ले व्यहोर्ने	भिसा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तोक्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तोक्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	नि:शुल्क

I.M.G. NEPAL PVT.LTD. Gov. Lic No. 1777 /082/083
Ekantakuna-13, Lalitpur, Nepal | Contact : 015415570, 9851106096, Email: imgnepal443@gmail.com

युएईमा रोजगार कम्पनी : **RR FACILITY MANAGEMENT - SOLE PROPRIETORSHIP L.L.C** शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८३/०२/०४ चलानी नं.: ६०२५४५६१ LT. No.: 342295 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	CLEANER MALE	29	0	सम्बन्धित कामना दक्ष	1000	४०५८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Female Cleaner	0	39		1000	४०५८०							

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८३ मंसिर ७ गते (23 November 2026) मा हुनेछ ।

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति तोक्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद् जीवन बिमा कस्ले व्यहोर्ने/कति तोक्ने	रोजगारदाता बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति तोक्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कस्ले व्यहोर्ने	भिसा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तोक्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तोक्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	नि:शुल्क

RELIABLE MANPOWER RECRUITMENT PVT LTD Lic. No: 1728/081/082
Sinamangal-09, Kathmandu, Nepal, Tel: 015922931/015922932/015922934
Email: reception@reliablemanpowernepal.com, Website: www.reliablemanpowernepal.com

UAE मा रोजगार कम्पनी: **MAZAYA RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C** शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८३/०७/२० चलानी नं.: ६०२६३५७ LT. No.: 350413

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Finishing Carpenter	100	0	स. कामना दक्ष	1500	६१४७०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

कम्पनी: **EMIRATES NATIONAL FACILITIES MANAGEMENT L.L.C.** शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८३/०७/२० चलानी नं.: ६०२६३५६ LT. No.: 350414

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners/Office Boy	50	0	सम्बन्धित कामना दक्ष	1000	४०५८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	CLEANER (MALE)	100	50		1000	४०५८०							

कम्पनी: **S K Solutions Facility Services LLC** शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८३/०६/२० चलानी नं.: ६०२६३२०८ LT. No.: 348983 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुवि

मध्यान्ह राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

देश दौडाहामा नेपथ्य



काठमाडौं/मस– सिक्किम र नेपालका पूर्वी भेगको यात्रा सकेर भर्खरै फर्किएको नेपथ्य ब्यान्डले फेरि नेपाल यात्राको थालनी गर्ने भएको छ । अबको यात्रा ठुला सहरमा नभई ग्रामीण बस्ती अनि मझौला सहरमा केन्द्रित हुँदै छ ।

ब्यान्ड चितवनको सौराहा, स्याङ्जाको पुतलीबजार, म्याग्दीको बेनी र तनहुँको बेलचौतारामा प्रस्तुत हुन लागेको हो । ब्यान्डले अबको पहिलो कन्सर्ट मंसिर ३ मा सौराहामा गर्नेछ । त्यसका लागि पर्यटकीय आकर्षणको केन्द्र रहेको यस बस्तीको सिसुवार मैदान (सभागृहअगाडि) रोजिएको छ । यस कन्सर्टका लागि तोकिएका सहुलियत दरका टिकट निकैअघि बिक्री भइसकेका छन् । अन्य टिकट पनि थोरै मात्र बाँकी छन् ।

दोस्रो कन्सर्ट स्याङ्जाको पुतलीबजारमा मंसिर ५ गते शनिबार हुनेछ । त्यहाँस्थित मालेबगर खेलमैदानमा नेपथ्यले लोकरक सुनाउन लागेको हो । त्यसपछि ब्यान्ड धौलागिरि हिमालको कार्खातिर लाग्नेछ । म्याग्दीको बेनीस्थित खुलामञ्चमा मंसिर ९ मा दर्शकसामु उपस्थित हुने नेपथ्यको तालिका छ ।

चौथो कन्सर्ट तनहुँको बेलचौतारामा मंसिर १२ गते शनिबार हुनेछ । शुक्लागण्डकी नगरपालिकास्थित यो बस्ती राजमार्गसँग जोडिएको छ । कन्सर्ट भानुभक्त क्याम्पसको मैदानमा हुनेछ । नेपथ्यका सबै कन्सर्टका लागि निर्धारित दिनको अपराह्न ४ बजे ढोका खुला हुनेछन् ।

मुलुकभित्र अनि बाहिरका ठुला सहरहरूमा भव्य रूपमा प्रस्तुत हुँदै आएको नेपथ्यले साना सहर र बस्तीमा बसोबास गर्ने आफ्ना दर्शकको चाहनालाई पनि उत्तिकै प्राथमिकतामा दिँदै आएको यस यात्राले थप पुष्टि गर्नेछ ।

यो पाला प्रस्तुत हुने यी चार स्थानमध्ये म्याग्दीको बेनीबाहेक सबै ठाउँमा ब्यान्ड पहिलोपटक उपस्थित हुन लागेको हो । कन्सर्टलाई लिएर त्यस भेगका बासिन्दाले सामाजिक सञ्जालमा चर्चा गर्न थालिसकेका छन् ।

आफूलाई विभिन्न माध्यमबाट सन्देश पठाइरहने यी स्थानका दर्शकसामु उभिन आतुर रहेको नेपथ्यका मुख्य गायक एवं अगुवा अमृत गुरुङ बताउँछन् । 'मैले गाउँघर डुलेरै नेपाल चिनेको हुँ । यस्ता बस्तीहरूबाटै हाम्रा गीतहरू संकलन गरिएका हुन्,' उनी भन्छन्, 'त्यसमाथि यस्ता बस्तीहरूमा प्रस्तुत हुँदा दर्शकबाट मैले अन्यत्रभन्दा बढी आत्मीयता अनुभव गर्दै आएको छु ।'

नेपथ्यलाई प्रस्तुत गर्दै आएको नेपालयका किरणकृष्ण श्रेष्ठ ब्यान्डलाई विश्वकै सुविधासम्पन्न सहरदेखि साना बस्तीसम्म उस्तै स्वादमा प्रस्तुत गर्ने चुनौतीलाई आफूहरूले गम्भीरतापूर्वक लिएको बताउँछन् । उनी भन्छन्, 'कलाकारबाहेक प्राविधिकदेखि व्यवस्थापन सम्मको हाम्रो ठुलो टिमले त्यो स्तर कायम राख्नेछ ।'

नेपथ्यको यस यात्रामा आठवटा ट्रक र चारवटा प्यासेन्जर गाडी गरेर झन्डै सय जनाको टिम साथसाथै रहनेछ । कन्सर्टमा अमृतलाई ड्रमसेटमा ध्रुव लामा, बेस गितारमा सुविन शाक्य, गितारमा नीरज गुरुङ, मादलमा शान्ति रायमाझी र किबोर्डमा दिनेशराज रेग्मीले सघाउनेछन् ।

यो यात्रापछि नेपथ्यले अस्ट्रेलियाको गर्दै छ । डिसेम्बर महिनामा ब्यान्ड एडिलेड, सिड्नी र पर्थ सहरमा प्रस्तुत हुने कार्यतालिका सार्वजनिक भइसकेको छ ।

५२औं भागमा पुग्यो 'परिवेश'



काठमाडौं/मस– निरन्तर प्रसारण भइरहेको सिरियल 'परिवेश' ५२औं भागसम्म पुगेको छ । सिरियलले ५२औं शृंखलाको यात्रा पूरा गरेको अवसरमा आइतबार काठमाडौंको जरडखुस्थित साझा पार्टी प्यालेसमा कलाकार सम्मान तथा प्रमाणपत्र वितरण कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल चलचित्र कलाकार संघका अध्यक्ष उत्तम केसीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा विभिन्न क्षेत्र तथा संघसंस्थामा आबद्ध व्यक्तित्वहरूको उपस्थिति थियो । कार्यक्रममा सिरियलका कलाकार, प्राविधिक तथा निर्माण टिमको सहभागिता रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि केसीले कलाकारिता क्षेत्रमा निरन्तर मेहनत, लगनशीलता र समर्पण आवश्यक रहेको बताए । स्थानीय कलाकारहरूलाई समेटेर 'परिवेश' सिरियल निर्माण गरिएकोमा खुसी व्यक्त गर्दै उनले कलाकार संघका तर्फबाट आवश्यक सहयोग र सहकार्यका लागि आफूहरू तयार रहेको धारणा राखे ।

त्यसैगरी, उद्योग वाणिज्य संघ काठमाडौं जिल्लाका सदस्य तथा व्यवसायी चन्द्रबहादुर थापाले ' परिवेश' सिरियलको सफलताको शुभकामना व्यक्त गर्दै सकारात्मक र सिर्जनात्मक कार्यमा आफ्नो सहयोग रहने बताए ।

सिरियलकी लेखक तथा निर्देशक दीपा घिमिरेले विभिन्न चुनौती र उतारचढावका बावजुद 'परिवेश'लाई ५२औं शृंखलासम्म पुऱ्याउन सफल भएको बताइन् । यस यात्रामा साथ, सहयोग र हौसला प्रदान गर्ने कलाकार, प्राविधिक, सहयोगी तथा दर्शकप्रति उनले आभार व्यक्त गरिन् ।

डिएस इन्टरटेन्मेन्टको प्रस्तुति तथा दीपा युट्युब च्यानलमार्फत प्रसारण हुँदै आएको 'परिवेश' प्रत्येक शुक्रबार साँझ ७ बजे दर्शकमाझ आउने गरेको छ । सामाजिक परिवेश, पारिवारिक सम्बन्ध र जीवनका विविध पक्षलाई समेट्दै अघि बढिरहेको सिरियलले ५२औं भागसम्मको यात्रा पूरा गर्नुलाई निर्माण टिमले महत्वपूर्ण उपलब्धिका रूपमा लिएको छ ।

सिरियलमा दीपा घिमिरे, भगवान भण्डारी, रामप्रसाद महर्जन, देवराज लामिछाने, इच्छाराम दुलाल, योगेश्वरी श्रेष्ठ, सावित्रा भट्ट, लक्ष्मण भण्डारी, नीलु श्रेष्ठ, विकास श्रेष्ठ, अमृतमान श्रेष्ठ, सुशान फुयाँल, अम्बिका खतिवडा, दिलीप थापा, सुप्रीम राउत, सरला गौतम नमराज तिवारी, सलिना थापालगायत कलाकारले अभिनय गर्दै आएका छन् । सिरियलका निर्माता सुदर्शन घिमिरे रहेका छन् भने सम्पादन कविता राईले गरेकी छन् । मनोज मल्लले छायांकन र शर्मिला श्रेष्ठले मेकअपको जिम्मेवारी सम्हालेका छन् ।

युएईमा रोजगार कम्पनी: DULSCO L.L.C पूर्व स्वीकृत मिति: २०८३/०८/१४ चलानी नं.: ६०२४७५७५ शहर: AL QUOZ LT. No.:334217 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Mason.	50	0	सम्बन्धित कामका दक्ष	1500	६१४७०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Shuttering Carpenter	50	0		1500	६१४७०							
3.	Luggage Porter	100	0		1000	४०५८०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ७ र ८ गते (23 & 24 November 2026) मा हुनेछ ।

कम्पनी: UNITED SECURITY GROUP - SOLE PROPRIETORSHIP LLC पूर्व स्वीकृत मिति: २०८३/०२/१५ चलानी नं.: ६०२३८५९८ शहर: ABU DHABI LT. No.: 324988 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security	43	0	स. कामका दक्ष	2000	८१५६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ७ गते (23 November 2026) मा हुनेछ ।

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा नफिने म्याद् जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निशा शुल्क कस्ले व्यहोर्ने	निशा स्टाम्पीड शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७७० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट सराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफ्नो कामको भौचर अनिवार्य लिनु होला। ३. आफ्नो काम गर्ने ठाउँमा सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला। ४. विदेशजानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफ्नो जरुरी सुरक्षा, कागज दिई जानुपर्ने, घरजग्गा पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला। ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

SHRC Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal) श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
Mid Baneshwor-31, Kathmandu, Nepal, Contact No : 01-4111126, 9707089500, 9802070434, 9802050422

कतारमा रोजगार कम्पनी: SAREEA RESTAURANTS पूर्व स्वीकृत मिति: २०८३/०७/२५ चलानी नं.: ६०२६३३२५ शहर: DOHA LT. No.:350372

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Assistant Cooks	5	0	सम्बन्धित कामका दक्ष	1500	६१५३५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Waiter	0	5		1500	६१५३५							

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ मंसिर ७ गते (23 November 2026) मा हुनेछ ।

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा नफिने म्याद् जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निशा शुल्क कस्ले व्यहोर्ने	निशा स्टाम्पीड शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	कामदारले तिर्ने	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट सराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफ्नो कामको भौचर अनिवार्य लिनु होला। ३. आफ्नो काम गर्ने ठाउँमा सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला। ४. विदेशजानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफ्नो जरुरी सुरक्षा, कागज दिई जानुपर्ने, घरजग्गा पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला। ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Niwida NIWIDA CONCERN PVT. LTD.
Govt. Lic. No.: 711/064/065
Satdobato-15, Lalitpur, Tel : 01-5919445, 9708220130
E-mail: niwida@gmail.com,Web.: www.niwidaconcern.com

QATAR मा रोजगार कम्पनी: Middle East Reinforcement CO. पूर्व स्वीकृत मिति: २०८३/०७/२१ चलानी नं.: ६०२६३३४६ शहर: QATAR LT. No.: 350145

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	GENERAL LABOURER	10	0	स. कामका दक्ष	1000	४१२५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ७ गते (23 November 2026) मा हुनेछ ।

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा नफिने म्याद् जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निशा शुल्क कस्ले व्यहोर्ने	निशा स्टाम्पीड शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट सराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफ्नो कामको भौचर अनिवार्य लिनु होला। ३. आफ्नो काम गर्ने ठाउँमा सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला। ४. विदेशजानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफ्नो जरुरी सुरक्षा, कागज दिई जानुपर्ने, घरजग्गा पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला। ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

PRUDENTIAL OVERSEAS PVT LTD License No: 800/065/066
Sinamangal, Kathmandu, Nepal, Tel:- 01-5918914,
Contact Number : +977 15918914, 9802002013, 9802002035, 9802002032, 9802002036

ZERO COST RECRUITMENT OPPORTUNITY IN QATAR!!
शून्य लागत अन्तर्गत मा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित !

रोजगारदाता कम्पनी : अर्वन हस्पिटालिटी सर्भिसेज **रोजगारदाता कम्पनीको ठेगाना/काम गर्ने स्थान : दोहा, कतार**
Employer Company : Urban Hospitality Service Employer Company Address/Job Site : Doha, Qatar

पूर्व स्वीकृत मिति:	२०८३/१/२४	चलानी नं.:	६०२५५०१२	एल टि नं.:	३४११५७	(Re-Advertisement)	
Pre Approval Date:	2026/05/07	Invoice No.:	60255012	L.T. No.:	341157	पुन विज्ञापन	

सि.नं S.N.	कामदार को पद Worker's Position	माग संख्या Required No's पुरुष Male	माग संख्या Required No's महिला Female	न्यूनतम योग्यता Minimum Qualification	मासिक तलब Monthly Salary कतारी रियाल QR	मासिक तलब ने.रु. NPR	ओभरटाइम सुविधा OT Facility	प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day	हप्तामा काम गर्ने दिन Working Day Per Week	वार्षिक बिदा Annual Leave	खाना सुविधा Food Facility	बस्ने सुविधा र यातायात सुविधा Accomodation Facility & Transportation Facility	करार अवधि Contract Period
1	सार्वजनिक क्षेत्र सफाइकर्मी Public Area Attendants / Cleaners	१० 10	१५ 15	अंग्रेजी प्रवीणता English Proficiency रेस्टुरेन्ट र हस्पिट्यालिटि उद्योगमा अनुभव भए फाइदा हुनेछ। Experience in restaurant & hospitality industry will be an added advantage	QAR 1000 (basic salary) +QAR 300 (food allowance)	४१,४६५ (मूल तलब) + १२,४४० (खाना भत्ता)	कम्पनीको नियम अनुसार जब आवश्यक हुन्छ । As per the company rule as & when needed	८ घण्टा 8 Hours	६ दिन 6 Days	कम्पनीको नियम अनुसार As per the company rule	QAR 300 (food allowance) १२,४४० (खाना भत्ता)	छ Yes	इई वर्ष 2 Years

Employment Terms and Condition/ रोजगार नियम र सर्तहरु

१. Nature of Job: Handling orders, serving customers and keeping the area clean and hygienic.
काम को प्रकृति : अर्डरहरू ह्यान्डल गर्ने, ग्राहकहरूलाई सेवा दिने र क्षेत्र सफा र स्वच्छ राख्ने ।

२. Overtime shall be voluntary. Overtime Payment Calculated as:
Normal Day : Salary*1.25
Rest day/public holiday : Salary*1.5
ओभरटाइम स्वेच्छिक हुनेछ । ओभरटाइम भुक्तानी गणना :
सामान्य दिनको : तलब * १.२५
बिदाको दिनको : तलब * १.५

३. Rest Day: One day in a week in accordance to the labor law of Qatar.
विश्राम दिन : कतारको श्रम कानुन अनुसार हप्तामा एक दिन ।

४. Public Holiday: As per Qatar's Gazetted holidays.
सार्वजनिक बिदा : कतारको राजपत्रित बिदा अनुसार ।

५. Annual Leave: 21 days per year.
वार्षिक बिदा: २१ दिन प्रति वर्ष ।

६. Sick Leave & Hospitalization leave: As per Labor Law of Qatar.
